# ओसारपसार

एटविनको अर्ध वार्षिक प्रकाशन

**अङ्क १४** | **असार २०७३** (July 2016)

**सल्लाहकार**
मीना बिष्ट

**सम्पादक मण्डल**
विमला ज्ञवाली
अनिल अधिकारी
सोम राई
शान्ता खनाल
बेनु माया गुरूङ

**संयोजक**
साबीत्री जैसी

**व्यवस्थापक**
रूपा शर्मा

**आवरण/ले-आउट**
रवि, सचिन महर्जन

**मुद्रण**
द क्रिएशन, ललितपुर
९८५११४२२०९

यस बुलेटिनमा प्रकाशित लेखहरू लेखकका निजी विचार हुन् ।

## विषयसूची

- **अध्यक्षको कलमबाट**

**लेख**
- मेरो कलम मानव बेचबिखनका बिरुद्धमा - *सुनिता दनुवार* १
- नेपालमा व्यवसायिक बालयौन शोषणको विद्यमान अवस्था - *अधिवक्ता नमुना भूसाल* ४

**घटना अध्ययन्**
- के रेष्टुरेण्टको पेशा सामाजिक रुपमा मर्यादित पेशा बन्न सक्दैन होला र ? - *बालकुमारी आले* ७
- छोरीको नर्स बन्ने ईच्छा पूरा गर्न सक्छु कि सक्दिन - *विश्वास नेपाल* १०

**स्थलगत रिपोर्ट**
- यौनजन्य हिंसाको जवाफी हमला - *अनिल अधिकारी* १३

**लेख**
- मानव बेचबिखनका प्रभावितहरुको पारिवारिक/सामाजिक पुनर्स्थापना - *विमला ज्ञवाली* १६
- बेचबिखन तथा देह–व्यापार र रोकथाम गर्नमा चाल्नैपर्ने कदमहरू - *इरादा गौतम* १८
- मनोरञ्जन क्षेत्रमा बालबालिका तथा किशोरीहरू - *श्रृजना दाहाल* २२
- स्थिरको जीवनमा आएको भूकम्प - *राधिका गिरी* २४

**सदस्य संस्था परिचय**
- संस्था परिचय - *नव ज्योति महिला केन्द* २७

**ऐन दस्तोवज**
- कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१ २८

**लेख**
- मानव बेचबिखन विरुद्धको अभियानमा संरक्षणको सवाल - *भगवती नेपाल* ३३

- **एटविन गतिविधि** ३५
- **संचारमा एटविन** ४१
- **संचारमा बेचविखन** ४२

**प्रकाशक**

AATWIN

**महिला तथा बालबालिका बेचबिखनविरुद्ध सहकर्मी समूह, नेपाल (एटविन)**
पो.ब.नं. २४९६०
फोन : ४२२९७८७, ४२२०४७८, फ्याक्स : ४२२९७८७
ईमेल : aatwin@ntc.net.np, वेभसाइट : www.aatwin.org.np

**प्रकाशन सहयोगी**

THE FREEDOM FUND

**द फ्रिडम फण्ड**

# अध्यक्षको कलमबाट



मानव सभ्यताका लागि कलंकको रुपमा रहेको मानव बेचविचन तथा ओसारपसार एक विश्वव्यापी समस्याको रुपमा रहेको छ । इतिहासको विभिन्न काल खण्डमा दासत्व, वाध्यात्मक श्रम, बँधुवाश्रम, असुरक्षित आप्रवासन, मानव अंङ्ग प्रत्यारोपण, व्यवसायिक यौन शोषण, बालबिवाह, बालदासत्व लगाएतका लागि महिला बालबालिका  र पुरुषहरुको समेत बेचविखन हुने गरेको छ साथै समयको अन्तराल सगै समस्याको परिवर्तित स्वरुप र बदलिदो आयामहरुमा पाइन्छ । यस्ता समस्याहरु बैशाख १२ गतेको विनासकारी भुकम्पपछि त झन विपद् र जटिल सवालको रुपमा देखा परेको छ । जसलाई संरक्षण, प्रबर्द्धनका साथै  कानुनी दायरामा ल्याउने काममा व्यापक रुपमा लाग्नु पर्ने  सवालको रुपमा देखिएको छ ।

मानब बेचविखनलाई आधुनिक युगको दासता पनि भन्ने गरिन्छ । अन्तराष्ट्रिय श्रम संघठनले विश्वभरी १.२ करोड मानिसहरु कुनै न कुनै रुपमा आधुनिक युगको दासत्वको रुपमा रहेको अनुमान गरेको छ । कम जोखिन र न्यून लगानिमा आत्यधिक नाफा हुने धन्दाका रुपमा यो अपराध विश्व बजारमा विस्तार हुनमा मागपक्ष एक प्रमुख कारक तत्व हो । सस्तो श्रम र यौन मनोरञ्जनको लागि अशिक्षित र चेतनाको कमी, गरिवी एवं बेरोजगारीका कारण जिवीकोपार्जनको समस्या भएका व्यक्तिहरु एवं विभिन्न कारणले स्थानागमन गर्न विवश व्यक्तिहरु बेचविखनको उच्च जोखिममा रहन्छन् ।

महिला र किशोरीहरुलाई व्यवसायिक यौन पेशामा लाग्न बाध्य पारिने स्थिति देखि गारमेन्ट उद्योग, मनोरञ्जन र सेवाका नाममा खोलिएका डान्सबार क्याबिन रेष्टुरेन्ट र मसाज पार्लर आदिमा लगाई श्रम तथा यौन शेषण गरिने साथै लैङ्गिक विभेद, पितृसत्ता, पुरुषत्व, सम्पन्नता,शक्ति प्रदर्शन ऐस आसाम र मनोरञ्जन आदि संग जोडिएको सामाजिक मूल्य मान्यता सम्वन्धका कारण महिला तथा किशोरीलाई उपभोग्य वस्तुको रुपमा हेर्ने दृष्टिकेण मानव समाजमा कायमै छ ।

नेपालमा मानव बेचविखन तथा ओसार पसारको समस्यालाई केलाउदा सीमा पारिका समस्या, आन्तरिक बजार केन्द्रित समस्या र अन्तराष्ट्रिय बजार केन्द्रित समस्या मुख्य रुपमा रहेको पाइन्छ । उल्लेखित अवस्था र समस्याहरुको न्यूनिकरण गर्न सिङ्गो नेपाल सरकारको विभिन्न विभाग, मन्त्रालय तथा सम्वन्धित कार्यालयहरुले विभिन्न नियमावली, कानूनहरुको निर्माण गरी कार्यान्वयन गर्न पहल गरिरहेको छ । संगसंगै गैर सरकारी संस्थाहरुले पनि व्यापक र निरन्तर रुपमा कार्यक्रमहरु तय गरी संचालनमा ल्याएका छन् । यसैक्रममा महिला तथा बालबालिका बेचविखन विरुद्धको लागि सहकर्मी  समूह एटविनले विगत दुई दशक देखि यि बिषयहरुमा  नति वकालत, सचेतना अभिवृद्धि, क्षमता अभिवृद्धिका गतिविधिहरु सञ्चालन गर्दै आइरहेको छ । बार्षिक रुपमा प्रकासन गर्ने  ओसारपसारको को उद्देस्य पनि  यस मार्फत सचेतना वकालतको लागि  एउटा महत्वपर्ण  पाटो रहेको हाम्रो ठम्याईएको छ । यस बुलेटिनमा छापिएका लेख रचनाहरुबाट यस क्षेत्रमा हुने निरोधः संरक्षण, कानूनी कारबाही, क्षमता विकास, समन्वय र सहयोग पक्षहरुका बारेमा स्थानीय स्तर सम्मका सरोकारबालाहरुले जानकारी पाई मानबचेचविखन जस्तो जघन्य  अपराधबाट बच्न, बचाउन  र जोखिन न्यूनिकरण गर्नमा सहयोग पुग्ने हामीले आसा लिएका छौ ।

अन्त्यमा, यो पुस्तक तयार गर्ने क्रममा लेख, रचनाहरु उपलब्ध गराई सहयोग गरीदिनुहुने  लेखकहरुलाइ हार्दिक कृतज्ञता प्रकट गर्न चाहन्छु । यसैगरी आर्थिक सहयोग गर्नुहुने विकास साझेदार संस्था .........., अन्तिम रुप दिन सहयोग गर्नहुने प्रकाशन समितिका सदस्य साथीहरुलाई पनि कृतज्ञता  प्रकट गर्न चाहन्छु। बुकलेट सम्पादन समितिका सदस्यहरु, एटविनका कर्मचारीहरु  सबैले पुर्‍याउनु भएको सहयोगको उच्च मूल्याङ्कन गर्दै हार्दिक धन्यवाद ज्ञापन गर्दछु  । मानव सभ्यताका लागि कलंकको रुपमा रहेको  मानव बेचबिखन र ओसार पसार विश्वब्यापी रुपमा रहेको समस्याको  न्युनिकरणका लागि एटविन निरन्तर लागि पर्नेछ र सञ्जाले गरेका यस्ता अभियानहरुमा सधै झै सवै सरोकार वाला हरु र अधिकार वालाहरुको निरन्तर सहयोग र समन्वय रहिरहने छ भन्ने पुर्ण विश्वास गर्दछु ।

मिना बिष्ट

# मेरो कलम मानव बेचबिखनका विरूद्धमा



सुनिता दनुवार

मानव बेचबिखन विरुद्धको यो अभियानमा मैले २ दशक बिताइसकेको छु र बाँकि जीवन पनि यसमै अर्पण गर्ने संकल्प गरेको छु। जति बुझ्यो उति कठिन भने झैँ मानव बेचबिखनका बारेमा बुझ्न यसको सम्पूर्ण अध्ययन गर्नु जरूरी छ।

नेपालको मानव बेचबिखनको अवस्था र स्थितिलाई केलाउने हो भने सिंगो नेपालको इतिहास र यहाँको सामाजिक एवं सांस्कृतिक पृष्ठभूमिलाई केलाउनु जरूरी छ। नेपाल विकासोन्मुख देश हो। यहाँको अधिकांश मानिसहरू गरिबीको चपेटेमा रहेका छन् भने दिनानुदिन जनसंख्या पनि उत्तिकै वृद्धि हुँदै गएको छ। राजनैतिक अस्थिरताले जर्जर भएको हाम्रो देश लामो समयसम्म द्वन्द्वको चपेटामा परी हाल संक्रमणकालिन अवस्थाबाट गुज्रदै छ। यसले गर्दा विकासको सट्टा देश उद्योगतितिर धकेलिएको कारण यहाँका अधिकांश युवाहरूले बेरोजगारीको अवस्था सामना गर्नु परेको छ। जसका कारण युवा जनशक्तिहरू वैदेशिक रोजगारमा पलायन हुने क्रम दिनहुँ बढ्दो छ। भने उच्च जीवनशैली बिताउने रहर, शिक्षाको अवसरबाट बञ्चित हुनु परेको अवस्था, गरिबीको चपेटा, बेरोजगारीको अवस्था, झुठो प्रेमजालमा फस्ने गरेको, राजनैतिक अस्थिरता, भौगोलिक विकटता आदिका कारण दलालको फन्दामा परेर बर्षेनी हजारौँको संख्यामा नेपालका महिला तथा किशोरीहरू बेचबिखनको समस्यामा परेको पाइन्छ। मानव बेचबिखन नेपालमा मात्र रहेको समस्या हैन, यो विश्वव्यापी समस्या हो र यो विश्वको दोस्रो ठूलो व्यापारको रूपमा फस्टाइरहेको छ। विश्वव्यापीकरणले यसलाई अझ मलजल गर्ने काम गरेको छ।

लामो समय देखि द्वन्द्व, राजनैतिक अस्थिरताबाट गुज्रिएको देश नेपालमा बेचबिखनको इतिहासलाई केलाउने हो भने राणाकालिन समयमा काठमाण्डौको छिमेकी जिल्लाहरू नुवाकोट, सिन्धुपाल्चोक आदिबाट उपहारका रूपमा आकर्षक महिला तथा किशोरीहरूलाई ल्याइदिने गरेको प्रचलन रहेको साथै दरबार हुँदै छिमेकी राष्ट्र भारतसम्म पुऱ्याउने गरेको भन्ने रहेको छ। हाल आएर त्यसले विकराल रूप लिइसकेको छ। आ.इ.एल.ओ.को सन् २००१ ले गरेको एक अनुसन्धानमा बर्षेनी नेपालबाट ७ देखि १२ हजारको संख्यामा महिला तथा किशोरीहरू बेचिने गरेको प्रतिवेदनले देखाएको छ भने राष्ट्रिय मानव अधिकार आयोगको सन् २०१३ को प्रतिवेदन अनुसार १३,००० व्यक्तिहरू बेचबिखनमा परेको देखाउँछ। मानव बेचबिखन भारतका विभिन्न सहरहरूमा यौन प्रयोजनका लागि मात्र हुने गरेका छैनन्। वैदेशिक रोजगारीको नाममा खाडी लगायतका तेश्रो मुलुकहरूमा, विवाहका नाममा, टुरिष्ट भिसामा तथा विद्यार्थी भिसामा साथै देश बाहिर र देश भित्रै पनि मनोरञ्जनका क्षेत्रहरूमा समेत बेचबिखन भैरहेको छ। बेचबिखन विरूद्ध जनचेतना जगाउने क्रममा सरकारी एवं गैरसरकारी क्षेत्रहरूबाट आ-आफ्नो प्रयास भैरहेता पनि प्रयास अपुग नै देखिन्छ। जनचेतना संगसंगै वैकल्पिक बाटाहरू खुलाउन नसक्दा आर्थिक उपार्जन हेतु असुरक्षित वैदेशिक रोजगारीका क्रममा समस्यामा पर्ने क्रम बढ्दो छ। अर्का तर्फ वैदेशिक रोजगारीका क्रममा समस्यामा पर्ने पीडित/प्रभावितहरूलाई सहज उद्धार कार्यविधि नहुँदा उद्धार कार्यमा कठिनाई छ। प्रभावितहरूको पुनर्मिलन अर्थपूर्ण नहुँदा र समुदायमा प्रभावित प्रतिको विभेद र नकारात्मक धारणा अझै

कायम भैरहँदा प्रभावितलाई सहजपूर्ण सम्मानपूर्ण जिवन यापन गर्ने वातावरण तयार पार्नु फलामको चिउरा चपाउनु सरह नै छ ।

गत २०७२ साल बैशाख १२ र २९ गतेको बिनाशकारी भुकम्पका कारण ८ हजार भन्दा बढिको ज्यान मात्र गएन कयौंले अभिभावक र परिवारका सदस्य गुमाए भने दशौं हजार व्यक्तिहरू घाईते तथा अंगभंग भए, ५ लाख भन्दा बढी बासस्थान र संरचना भत्किएर घरबार बिहीन बन्न पुगे र जीविकोपार्जनका बाटाहरू समेत गुमेका छन । यस्तो अवस्थामा महिला तथा किशोरीहरूको उचित संरक्षण हुन सकेको छैन भने बेचबिखनको जोखिम अझै थपिएको कुरालाई नकार्न सकिन्न । ईन्सेकको अनुसार २०१५ मा मात्र मानव अधिकार उल्लंघनका ६ हजार ३ सय ५७ घटना घटे । यसै बर्ष मात्र २ सय ५९ महिला बलात्कारका घटनाहरू भए भने भुकम्पपछि अस्थाई शिविर भित्रै महिला तथा बालबालिका माथिको हिंसा मात्र हैन, धर्म तथा वैदेशिक रोजगारीको नाममा महिला तथा बालबालिकाहरू हराउने तथा बेचबिखनका चपेटामा पनि परिरहेका छन ।

बेचबिखन विभिन्न प्रयोजनका लागि हुने गरे पनि खास गरेर नेपालका किशोरी तथा महिलाहरूलाई भने यौन शोषणका लागि नै बेचबिखन गर्ने गरेको छ । उनीहरूलाई चाहे रोजगारीको नाममा होस् चाहे शिक्षा, या अन्य बहानामा होस्, बेचबिखन गर्ने व्यक्ति बढीजसो आफ्नै नजिकैको आफन्त हुने गरेको पाइएको छ । यसरी महिला तथा किशोरीहरूले आफन्तबाट नै विभिन्न बहानामा बेचबिखनको समस्या भोग्नु परेको छ । उनीहरूको मानसिक, शारिरीक, सामाजिक तथा सांस्कृतिक साथै कानुनी पहुँचको अवस्थामा समेत नकारात्मक असर पुग्ने गरेको छ । प्रभावितहरूलाई समाजले हेर्ने दृष्किोणमा अझैसम्म परिवर्तन भएको देखिन्न । उनीहरूको उचित संरक्षण गरी सहयोग गर्नुको सट्टा उल्टै सामाजिक लाञ्छना लगाउने, सामाजिक रूपमा बहिस्कार गर्ने, घर परिवारमा सहज रूपमा स्वीकार नगर्ने, धार्मिक कार्यक्रममा सहभागी नगराउने, विभिन्न लाच्छना लगाउने जस्ता कारणले उनीहरूलाई समाजमा समायोजन हुन गाह्रो रहेको छ । यस्तो अवस्थामा रहेका प्रभावितहरूको उचित रूपमा संरक्षण गरी समाजमा पुनःस्थापना व्यवस्था हुन सकेन भने पुनः प्रभावित बन्ने र अन्य अवसरको विकल्पको खोजी गर्ने क्रममा पुनः बेचबिखनको सिकार बन्न पुगेको तिता घटनाहरू पनि हाम्रो सामु नभएका हैनन् ।

नेपालमा मानव बेचबिखनविरूद्ध क्रियाशिल केही गैरसरकारी संस्थाहरूले बेचबिखनबाट प्रभावितहरूको संरक्षण गर्ने र उनीहरूलाई उपयुक्त तौरतरिकाबाट पुनःस्थापना गराउनका लागि पहल गरिरहेता पनि




सरकारी स्तरबाट समेत हाल ८ वटा जिल्लाहरूमा पुनःस्थापना केन्द्रको स्थापना भई त्यस केन्द्रमा प्रभावितहरूको संरक्षणका लागि काम शुरू भइसकेता पनि त्यसले प्रदान गरेको सेवाहरू भने पर्याप्त हुन सकेको देखिंदैन । **"मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण ऐन २०६४"** मा बेचबिखनबाट प्रभावितहरूको संरक्षण गरी दलालहरूलाई कानुनी

कारवाहीको व्यवस्था गरिने भनियता पनि त्यसको प्रभावकारी ढंगबाट कार्यान्वयन हुनसकेको छैन। साथै, उक्त कानुनमा बेचबिखन प्रभावितहरूलाई उचित क्षतिपुर्तिको व्यवस्था भए पनि त्यो राज्यबाट नभई दलालबाट नै भराउने भन्ने भएको हुँदा त्यस्तो क्षतिपुर्ति प्राप्त गर्न समेत प्रभावितको पहुँच नरहेको अवस्था छ भने दलालबाट प्रभावितको घर परिवारलाई धम्की दिइने, मिलोमतो गर्ने गरेको र दलालहरूलाई राजनैतिक दलबाट संरक्षण हुने गरेको कारण बेचबिखनबाट प्रभावितहरू सहज रूपमा कानुनी पहुँचमा पुग्न सकेको अवस्था पनि छैन।

तसर्थ बेचबिखनबाट प्रभावितहरूको संरक्षणका लागि उनीहरूलाई निःशुल्क शिक्षा उपलब्ध गराउने, रोजगारी एवं आयआर्जनमा सहयोग गर्ने, स्वास्थ्य उपचारको व्यवस्था गर्ने, कानुनमा पहुँच पुऱ्याउने, आत्म-निर्भर बनाउने, प्रभावितहरूको लागि बनेको कानुनको प्रभावकारी कार्यान्वयनका लागि पहल गर्ने, हरेक जिल्लाहरूमा पुनःस्थापना केन्द्रहरूको स्थापना गर्नुका साथै न्युनतम मापदण्ड अनुसारको सेवा सुविधा प्रदान गर्नु पर्दछ भने सामाजिक रूपमा संरक्षण तथा पुनःस्थापना गराउनका लागि जनचेतनामूलक कार्यक्रम, पारिवारिक तथा सामाजिक परामर्श प्रदान गर्ने जस्ता कार्यले प्रभावितहरूको संरक्षणमा मद्दत गर्दछ। साथै राज्य पक्षबाट प्रभावितहरूको व्यवस्थित पुनर्मिलनका लागि पुर्नमिलन कार्यविधि लागू गरी कार्यान्वयन गरिनु अत्यावश्यक छ।

(लेखक शक्ति समूहको संस्थापक सदस्य एवं मानव बेचबिखन विरूद्धको राष्ट्रिय समितिका सदस्य हुनुहुन्छ।)


## हार्दिक बधाई तथा शुभकामना




**एटविनको अध्यक्षता ग्रहण गरि रहेको सदस्य संस्था जागरण नेपालका संस्थापक अध्यक्ष, मानवअधिकार/महिला अधिकार, सामाजिक न्याय, शान्ति तथा सुशासनका क्षेत्रमा क्रियाशिल नागरिक समाजका अगुवा तथा वरिष्ठ महिला अधिकारकर्मी तथा गैर सरकारी संस्था महासंघ नेपालका निवर्तमान अध्यक्ष श्री शर्मिला कार्की राष्ट्रिय पुननिर्माण परामर्श परिषद्मा विज्ञ सदस्यको रूपमा नेपाल सरकारको २०७२/०९/२१ गतेको मन्त्री परिषदको निर्णय अनुसार मनोनित गरिएकोमा हार्दिक बधाई ज्ञापन गर्दै उहाँको कार्यकालमा भूकम्प प्रभावितहरूको विशेष गरी महिलाहरूको उत्थान र न्यायको अपेक्षा सहित कार्यकालको सफलताको लागि शुभकामना व्यक्त गर्दछु।**

**मिना विष्ट**

अध्यक्ष तथा समस्त एटविन परिवार

लेख

# नेपालमा व्यवसायिक बालयौन शोषणको विद्यमान अवस्था



*अधिवक्ता नमुना भूसाल*

## परिचय:

बालबालिका सम्बन्धी ऐन, २०४८ अनुसार बालबालिका भन्नाले १६ बर्ष उमेर पुरा नगरेको व्यक्ति भनी परिभाषित गरेको छ । नेपालमा १४ बर्ष भन्दा कम उमेरको बालबालिकाहरूलाई कुनैपनि किसिमको श्रममा लगाउन निषेध गरिएको छ । बालश्रम (निषेध तथा नियमित गर्ने) ऐन २०५६ अनुसार बालबालिकाहरूलाई जोखिमपूर्ण काममा लगाउन पाईंदैन जस अन्तर्गत होटल, रेष्टुरेण्ट, मदिराको बिक्रि वितरण लगायत पर्दछन् । बालबालिकाहरूलाई मदिराको बिक्रि वितरण गर्नु, खुवाउनु, यौनजन्य क्रियाकलापहरूमा संलग्न गराउनु जस्ता कार्यलाई विद्यमान राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनले समेत वर्जित गरेको छ । यद्यपि काठमाण्डौ लगायत मुख्य शहरी क्षेत्रहरूमा बालबालिकाहरूलाई रोजगारीको प्रलोभन दिई यस्ता कार्यहरूमा संलग्न गराइएको पाइन्छ, जुन बालबालिकाहरूकालागि हरेक दृष्टिकोणबाट हेर्दा जोखिमपूर्ण मानिन्छ । यस्ता क्रियाकलापहरूबाट बालबालिकाहरूको सर्वाङ्गीण विकासमा वाधा त पुग्दछ नै, साथसाथै तत्काल शिक्षाको अधिकार, आराम गर्ने, उचित स्याहार तथा माया, स्नेह, संरक्षण एवं पारिवारिक वातावरणमा हुर्कन पाउने लगायतका अधिकारहरू जुन मानव विकासको दृष्टिकोणले अत्यन्त आवश्यक छन् त्यस्ता न्युनतम अधिकारहरूबाट समेत बालबालिकाहरू बञ्चित हुन पुग्दछन् । जोखिमपूर्ण काममा सहभागी गराउँदा दीर्घकालिन रूपमा उनीहरूको शारिरिक, मानसिक तथा मनोसामाजिक विकासमा समेत नकारात्मक असरहरू पर्दछन् । त्यसले बालबालिका तथा उनको परिवारमा थप गरिबी तथा भेदभाव बढाउनका साथै अन्य जोखिमको अवस्थामा समेत पुर्‍याउँछ । जोखिम अवस्थामा बाँच्न वाध्य बालबालिकाहरू तस्करी, मानव वेचविखन, लागु पदार्थको दुर्व्यसन तथा ओसारपसार, एच आई भी को अवस्था, लगायत अन्य आपराधिक क्रियाकलापहरूमा समेत पर्न सक्ने सम्भावना रहन्छ ।

## विद्यमान अवस्था:

बालबालिकाहरूलाई व्यवसायिक यौन शोषण गरिएकोबारे सरकारी निकायबाट यकिन तथ्याङ्क उपलब्ध हुन सकेको छैन । सरोकारवाला गैरसरकारी संघ संस्थाहरूको तथ्याङ्कमा पनि एकरूपता पाईंदैन् । यद्यपि सरकारी निकायहरूको विभिन्न समयमा गरिएको अनुगमन तथा प्रहरीलाई प्राप्त सूचनाका आधारमा गरिएको अनुगमन र कारवाहीको आधारबाट पनि यो स्पष्ट हुन आउँछ कि जोखिमपूर्ण कामहरूमा बालबालिकाहरूको संलग्नता अत्याधिक पाइएको छ ।

विभिन्न गैरसरकारी संघ संस्थाहरूले गरेको अध्ययन अनुसार नेपालबाट बर्षेनी १२,००० को संख्यामा महिलाहरू यौनजन्य प्रयोजनका लागि बेचबिखनमा पर्ने गर्दछन्[1] । राष्ट्रिय मानव अधिकार आयोगको प्रतिवेदन अनुसार नेपाल प्रहरीमा दर्ता भएका मानव वेचबिखन सम्बन्धी हरेक १० मध्ये ९ वटा मुद्दाहरूका पीडित महिला हुन्छन् । जसमध्ये एकतिहाई १७ बर्ष भन्दा कम उमेरका बालिकाहरू हुनेगरेको[2] पाइएको छ। नेपाल प्रहरीको तथ्याङ्क अनुसार आ.ब. २०७१/७२ मा १८१ वटा मानव बेचबिखन सम्बन्धी मुद्दाहरू दर्ता भएका छन् ।

---

1 ILO 2001, TDH , 2005

2 NHRC 2011

यसैगरी अनौपचारिक क्षेत्र सेवा केन्द्रको प्रतिवेदन २०१५ अनुसार सन् २०१४ मा बालअधिकार हननका घटना अन्तर्गत बालबालिकाहरू बेचबिखनका घटना ९५ वटा घटेका जसमध्ये ५८ बालिका तथा ३७ बालक (केबाकस, २०७२) छन् । नेपाल प्रहरीको तथ्याङ्क अनुसार आ.ब.२०७१/७२ मा बालबालिका बेचबिखन तथा ओसारपसारको आशंकामा विभिन्न जिल्लाबाट ४२५ जना बालबालिका (२१२ बालक तथा २१३ बालिका) हरूको उद्धार गरिएको छ (केबाकस, २०७२) । बालबालिका खोजतलास समन्वय केन्द्रमा आ.ब.२०७१/७२ मा हराएका ७८६ जना बालबालिकाहरूको सूचना दर्ता भएको, साथै २८७ जना फेला परेका छन् । त्यस्तै भुकम्प पश्चात् महिला तथा बालबालिकाहरूको बेचबिखनको परिमाणमा वृद्धि भएको छ । भुकम्प पछिको ३ महिनाको अवधिमा १२३३ महिला तथा बालबालिकाहरू हराएको प्रहरीको अभिलेख छ ।

राष्ट्रिय मानव अधिकार आयोगको प्रतिवेदन अनुसार काठमाण्डौ उपत्यकामा रहेका मनोरञ्जन उद्योगहरूमा कार्यरत महिलाहरू बेचबिखनको जोखिममा रहेको पाइएको छ (NHRC 2016) ।

केन्द्रीय बालकल्याण समितिले हालसालै गरेको एक द्रुत अध्ययनको प्रारम्भिक प्रतिवेदन अनुसार काठमाण्डौ उपत्यका भित्रका मुख्य शहरी क्षेत्र विशेष गरी ठमेल क्षेत्रका अधिकांश डान्सबार, होटल, रेष्टुरेण्ट, खाजाघर, मसाज केन्द्र, स्पा लगायतमा यौनजन्य क्रियाकलापहरू हुने गरेको साथै त्यस्तो ब्यबसायहरूमा बालबालिका तथा किशोर-किशोरीहरूलाई संलग्न गराइएको पाइएको छ । साथै, त्यो अध्ययनले बालिका मात्र नभई बालकहरूलाई समेत संलग्न गराइएको देखाएको छ । लागु पदार्थको ओसारपसार, यौन क्रियाकलापमा संलग्न गर्ने काममा स्वदेशी तथा विदेशी नागरिकहरू खासगरि भारत तथा अन्य तेस्रो मुलुकका व्यक्तिहरू रहेका छन् । बालयौन दुराचारी (Pedophilia) हरूका लागि कलिलो उमेरका बालबालिकाहरू उपलब्ध हुने सम्पर्क केन्द्रका रूपमा समेत ठमेल क्षेत्र रहेको बताइन्छ ।

त्यसैगरी पीडित बालबालिकाहरूले दिएको सूचनाका आधारमा अरू नै कामका लागि भनी आफन्त तथा साथीभाई मार्फत ल्याईएतापनि मदिरा खुवाउने, जबर जस्ती यौन क्रियाकलापमा संलग्न गराउने, अस्वीकार गरे कामबाट निकाल्ने, कुटपिट समेत गर्ने गरेको पाइएको छ । त्यस्तै २, ४ महिना काम गरेपछि बालबालिका तथा किशोरीहरू अन्यत्रै लगिने गरेको समेत पाइएको छ । यसबाट के देखिन्छ भने त्यस्ता




बालबालिकाहरू बेचबिखनमा परेको सहजै अनुमान गर्न सकिन्छ ।

### कानुनी व्यबस्था

बालबालिकाहरूको व्यवसायिक यौन शोषणको बिषयलाई संवोधन गर्न छुट्टै कानुनी प्रावधानहरू नभएता पनि बालबालिकाहरू विरूद्ध हुने कुनैपनि हिंसा, शोषण तथा भेदभाव दण्डनीय छन् । बिशेषतः देहाय बमोजिमका विद्यमान कानुनहरू निम्नलिखित छन् :

- नेपालको संविधान २०७२
- बालबालिका सम्बन्धी ऐन २०४८, नियमावली २०५१
- बालश्रम (निषेध र नियमित गर्ने) ऐन २०५६ र नियमावली २०६२
- बालबालिका सम्बन्धी राष्ट्रिय नीति २०६९
- मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४

- होटल व्यबस्था तथा मदिराको बिक्री वितरण (नियन्त्रण) ऐन, २०२३
- कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१
- श्रमजीवि महिलाहरू प्रति डान्स रेष्टुरेन्ट, डान्स बार जस्ता कार्यस्थलमा हुने यौन उत्पिडन नियन्त्रण गर्न जारी गरिएको निर्देशिका, २०६५
- विद्युतीय कारोबार ऐन २०६३ आदि ।

यस प्रकार बालबालिकाहरूलाई कानुनद्वारा वर्जित जोखिमपूर्ण श्रममा लगाइएको अवस्था एकातिर विद्यमान छ भने अर्को तर्फबाट हेर्दा जोखिमपूर्ण बालश्रमका अतिरिक्त गैरकानुनी यौन व्यवसायमा बालबालिकाहरूलाई संलग्न गराइएको अवस्था छ जुन अत्यन्तै घृणित एवं अमानवीय छ ।

(बालबालिका सम्बन्धी ऐन २०४८ को दफा १६ बालबालिकालाई अनैतिक पेशामा संलग्न गराउन नहुने) बालश्रम (निषेध तथा नियमित गर्ने) ऐन २०५६ दफा अनुसार,

१. कसैले पनि चौध बर्ष उमेर पुरा नगरेका बालबालिकाहरुलाई श्रमिकको रूपमा काममा लगाउन नपाइने ।
२. अनुसूचीमा उल्लेखित जोखिमपूर्ण व्यवसायमा लगाउन नहुने
३. बालबालिकालाई काममा लगाउन नहुनेः



## निष्कर्ष

कानुनद्वारा वर्जित जोखिमपूर्ण बालश्रमका अतिरिक्त गैरकानुनी यौनजन्य क्रियाकलापहरूमा बालबालिकाहरूको प्रयोग गरिनु कुनैपनि दृष्टिकोणले स्वीकार्य हुन सक्दैन । यसको अन्त्यका लागि बालबालिका, अभिभावक, विद्यालय, समाज, राजनैतिक पार्टी, सरकारी तथा गैरसरकारी निकायहरूले आ-आफ्नो भूमिका तथा जिम्मेवारी वहन गर्न तत्कालै संवेदनशिल भई क्रियाशिलता देखाउनु जरूरी हुन्छ । यसका लागि तत्कालै गर्नुपर्ने कामहरू निम्न छन्ः

- जोखिमपूर्ण अवस्थाबाट बालबालिकालाई तत्कालै उद्धार गरी पारिवारिक पुनःस्थापनाको प्रबन्ध मिलाउनु पर्ने ।
- बालश्रम (निषेध तथा नियमित गर्ने ऐन) अन्तर्गत नियमन गर्ने बिषय भएकोले यसलाई संशोधनको क्रममा रहेका श्रम ऐनमा समेटी सो को दायरामा ल्याउनु पर्ने ।
- बालश्रमको बिषय भएकोले श्रम कार्यालय, श्रम निरिक्षकले जोखिमपूर्ण अवस्थामा रहेका बालबालिकाहरूको अनुगमनमा तिब्रता दिनुपर्ने ।
- कानुन विपरित श्रममा लगाउनेलाई कारबाही र बालबालिकाहरूलाई क्षतिपूर्तिको व्यवस्था हुनुपर्ने ।
- आवश्यक अध्ययन तथा अनुसन्धान हुनुपर्ने ।
- भैरहेका कानुनको प्रभावकारी कार्यान्वयन हुनुपर्ने ।
- कानुनमा समय सापेक्षिक सुधार तथा परिमार्जन हुनुपर्ने ।
- नियमनकारी निकायलाई आ-आफ्नो भूमिका तथा जिम्मेवारी वहन गर्न निर्देशन दिइनुपर्ने ।
- जनचेतना अभियान सञ्चालन हुनुपर्ने ।
- राजनैतिक प्रतिवद्धता जाहेर गरिइनुपर्ने ।

(लेखक अधिवक्ता एवं केन्द्रीय बालकल्याण समितिको कार्यक्रम व्यवस्थापक हुनुहुन्छ ।)

# के रेष्टुरेण्ट पेशा सामाजिक रूपमा मर्यादित बन्न सक्दैन र ?



बालकुमारी आले

नेपाली संस्कृतिलाई झल्काउने अनि जोगाई राख्ने सांगीतिक धरोहरको रूपमा रहेको लोक संगीत र नृत्यको थलो हो दोहरी रेष्टुरेण्ट । ग्राहकहरूलाई मनोरञ्जन दिएर आर्थिक आम्दानी गर्ने ठाउँ पनि हो यो । रेष्टुरेण्ट क्षेत्र भनेर डान्स रेष्टुरेण्ट, डान्स बार, दोहोरी रेष्टुरेण्ट, क्याबिन रेष्टुरेण्ट, साना होटल तथा खाजा घर र मसाज पार्लरलाई लिइन्छ । नेपालको सन्दर्भमा सरकारको नजरबाट पछाडि र सामाजिक रूपमा अपहेलित यस क्षेत्रले पनि धेरै मानिसहरूलाई रोजगार दिन र चर्चित कलाकार जन्माउन योगदान पुऱ्याएको छ । जोखिमयुक्त ६ वटा क्षेत्रहरू मध्ये मनोरञ्जन क्षेत्र पनि एउटा हो । यस क्षेत्रमा काम गर्न सजिलो भने छैन तर पनि लाखौं मानिसहरू यसैमा निर्भर छन् । मनोरञ्जन क्षेत्रको अवस्था झनै विकराल भइरहेको छ । एक दशकअघिसम्म यस क्षेत्रका महिला तथा किशोरीहरू यसै क्षेत्रको शोषणमा मात्र सिमित थिए भने हाल आएर उनीहरूको सिमापारी र अन्यत्र मुलुकहरूमा ओसारपसार र बेचबिखन हुने गरेको छ ।

रेष्टुरेण्टमा काम गर्न कुनै योग्यता, नागरिकता, सीप र शिक्षाको आवश्यकता पर्दैन । त्यहाँ त रूप र यौवन अनि ग्राहक पट्याउन सक्ने कला चाहिन्छ । त्यसमा पनि १५/१६ वर्षका किशोरीहरूलाई बढि प्राथमिकता दिइन्छ । विशेष गरी भर्खरै गाँउबाट आएका, सीप र शिक्षामा पछाडि परेका र आर्थिक रूपमा कमजोर परिवारबाट आएका किशोरीहरूको संख्या यस क्षेत्रमा बढि पाइन्छ । केही वर्ष यताबाट केही पढेलेखेका किशोरीहरू पनि मनोरञ्जन क्षेत्रमा संलग्न छन् । विभिन्न कारण जस्तै अंग्रेजी भाषा र कम्प्यूटरको ज्ञान एवं कामको अनुभवको कमी, पहुँचको अभावले गर्दा शिक्षित किशोरीहरू रोजगार विहिन हुनपुगेका कारण पनि यस क्षेत्रमा संलग्न हुन वाध्य छन् । यस क्षेत्रमा घरेलु श्रमिक, अन्य कलकारखाना र ईट्टा भट्टाबाट आउने श्रमिक भन्दा सिधै गाँउबाट कमजोर आर्थिक अवस्था र सौतेनी आमा वा सौतेनी बाबुको समस्याबाट आउने श्रमिकहरू बढि भेटिने गरेको छ । विश्वास नेपालले काम गरेको अनुभवमा भन्ने हो भने पनि सिन्धुपाल्चोक, दोलखा, गोरखा, रामेछाप र धादिङबाट धेरै श्रमिकहरू मनोरञ्जन क्षेत्रमा संलग्न छन् भने अन्य जिल्लाहरूबाट आउने क्रम पनि बढ्दो छ ।

रेष्टुरेण्ट क्षेत्रको लागि अहिलेसम्म कुनै पनि नीति नियम बन्न नसक्नु र भएको एउटै सर्वोच्च अदालतको २०६५ को निर्देशिका पनि लागू नहुनु बिडम्वनाको कुरा हो । कति रेष्टुरेण्टहरू दर्तानै नगराई चलाएका छन् भने कतिको दर्ता गरिए पनि नविकरण छैन् । श्रमिकहरूको लागि कुनै पनि किसिमको सेवा सुविधाहरू छुट्याइएको छैन, जस्तै सुत्केरी बिदा, क्रिया बिदा, भैपरी आउने बिदा, सार्वजानिक बिदा, परिचय पत्र, कामको सम्झौता पत्र, श्रम ऐनले तोकेको पारिश्रमिक, काम गर्ने समय तथा उमेर आदि । जसले गर्दा दिनमा १२ घण्टा र हप्ताको सातै दिन काम गर्नु पर्ने अवस्था छ । त्यसमा पनि कम पारिश्रमिकमा । यति हुँदाहुँदै पनि देशको राजनैतिक अस्थिरता, महंगी, मादक पदार्थ सेवनको निरिक्षण, नाकाबन्दी आदिले गर्दा रेष्टुरेण्टमा ग्राहकहरूको संख्या कम हुदै जान थालेको गर्दा रेष्टुरेण्टको आम्दानी घट्न गई त्यसको सोझो मार श्रमिकहरूमा पर्ने गरेको पाइन्छ जस्तै काम गरेको ज्याला नपाउने, ग्राहकलाई महंगो टिकट बेच्नु पर्ने, दैनिक रूपमा ग्राहकलाई फोन गरी गरी बोलाउनु पर्ने, बढि बिक्री गराउनको लागि ग्राहकसंग आफैं बसेर महङ्गो महङ्गो रक्सी,

चुरोट तथा अन्य खानेकुराहरू खाइदिनु पर्ने, ग्राहकको माग अनुसारको डान्स गर्नु पर्ने आदि क्रियाकलापहरू बढेका छन् । यस्ता क्रियाकलापहरूले किशोरीहरू बढि शोषणमा परेका छन् तर पनि उनीहरू यो त मेरो जागिरको जिम्मेवारी हो भनेर चुप लाग्न वाध्य छन् । यति गर्दा पनि उनीहरूले रू.२००० देखि ६००० सम्मको मासिक तलबको भरमा काम गर्नु पर्ने र त्यही तलव पनि समयमा नपाउने, बिदाको व्यवस्था नभएकोले काममा गएको दिनको मात्र पैसा पाउने, नगएको दिनको नपाउने, ग्राहकले खाएर पैसा नतिरी भाग्यो भने कामदारको तलबबाट कटाउने, सर्भिस गर्दा गिलास वा अरू कुनै सामान वा रक्सीको बोतल फुट्यो भने तलबबाट नै कटाउने आदि समस्याले गर्दा किशोरी श्रमिकहरूले तलबको त हिसाब मात्र गर्ने हो । त्यसैले रेष्टुरेण्टका श्रमिकहरूले टिप्स र कमिसनमा भर परेका हुन्छन्, जहाँ टिप्स कमाउन ग्राहकले जे भन्छ त्यही मान्नु पर्ने हुन्छ र रेष्टुरेण्टमा दैनिक रूपमा धेरै रक्सी खान सक्नु पर्ने हुन्छ ; धेरै ग्राहक बनाउनु पर्ने हुन्छ । यसैबाट पनि प्रष्ट हुन्छ कि यस क्षेत्रका महिला तथा किशोरीहरूको अवस्था कस्तो होला र उनीहरूको दैनिकी कसरी चलिरहेको होला ? जसले गर्दा उनीहरू परिवार, आफन्तहरू र समाजको अगाडि आउन चाहदैनन्, आफ्नो वास्तविक परिचय दिन चाहदैनन् । उनीहरू एकोहोरो र एउटै सोचका हुन्छन् । म यसै बिग्रिएँ, उसै बिग्रिएँ भनेर झनै बढि आफूलाई गलत बाटोमा लगाउने आदि क्रियाकलापहरूमा अग्रसर भएको पाइन्छ । जसले गर्दा उनीहरूलाई समाजमा पुनःस्थापना गर्न धेरै नै मिहिनेत गर्नु पर्ने हुन्छ ।

यति समस्या हुँदाहुँदै पनि रातको समयमा काम गर्नु पर्ने, रातमा नै काम गरकै कारण कोठा भाडामा नपाउने, समाजले छिः छिः दुर दुर गर्ने, परिवारलाई ढाँटेर काम गर्नु पर्ने आदिले गर्दा उनीहरू विभिन्न भिषाहरू (सांस्कृतिक, भ्रमण, काम आदि) लिई वैदेशिक रोजगारीमा जाने गरेका छन् । विदेश जाँदा पनि भारत भएर जानेको संख्या अत्यधिक छ । त्यसमा पनि भारत र चीनमा मात्र प्रवेश गर्नेको संख्या पनि धेरै छ । यसरी विदेश जाने क्रममा धेरै जसो किशोरीहरू अवैधानिक रूपमा गएका हुन्छन् र धेरै फसेका पनि छन् तर पनि उनीहरू आफ्नो वास्तविकता लुकाउँछन् । उनीहरू माथि भएका अन्याय र शोषणलाई बाहिर ल्याउन चाहँदैनन् र समाजमा आफ्नो ईज्जत जाने डरले कुनै पनि कानुनी मुद्दाहरूमा जान चाहँदैनन । ग्राहकसँग जस्तो क्रियाकलापमा सहभागि भए पनि यो मेरो बाध्यता हो र यो मेरो कर्तव्यमा पर्छ भन्ठान्छन् । यस क्षेत्रका श्रमिकहरूले कति दिनसम्म आफ्नो समस्या लुकाएर हिड्नु पर्ने हो ?

यस क्षेत्रमा मैले अन्याय विरूद्ध लड्नु पर्छ भनेर अगाडि बढेर आउनेहरू पनि नभएका होइनन् तर उनीहरूको लागि पनि कुनै तोकिएको कानुन छैन । कसैले भन्छ आन्तरिक बेचबिखनको समस्या, कसैले भन्छ श्रम शोषण तर श्रम ऐनले पनि यो क्षेत्रलाई राम्ररी समेट्न सकेको छैन । त्यसैले यस क्षेत्रको महिलाले न्याय पाएका पनि छैनन् र न्याय पनि खोज्न चाहदैनन् ।

मनोरञ्जन क्षेत्रमा काम गर्ने महिला तथा किशोरीहरूको कुनै राम्रो भविष्य देखिदैन । सोह्र वर्षको किशोरीमा पाठेघरको समस्या, झिलिमिली बत्तीको काम र बढी ध्वनिको कारण आँखा र कानमा समेत समस्या, बढी धुम्रपान र मादक पदार्थको सेवन र एक जना भन्दा बढी संग यौन सम्वन्ध आदि क्रियाकलापहरूले महिला तथा किशोरीहरूको स्वास्थ्य अवस्था निकै नाजुक देखिन्छ तर महिला तथा किशोरीहरू आफ्नो स्वास्थ्य समस्या खुलेर भन्न चाहँदैनन् । अझै भन्ने हो भने रेष्टुरेण्टमा काम गर्ने महिलाहरूका बालबालिकाहरूको अवस्था निकै नाजुक रहेको छ । बच्चालाई एक्लै कोठामा छाडेर काममा जानु पर्ने, साथै, बच्चालाई समेत काममा लिएर जाने गरेको पनि पाइन्छ । ती कलिला बच्चाहरूको भविष्य झनै अन्योल हुने खतरा छ ।

विश्वास नेपालले रेष्टुरेण्टमा काम गर्ने जोखिममा परेका महिला तथा बालबालिकाहरूको संरक्षणमा काम गरिरहेको छ र उनीहरूको हक अधिकारमा पैरवी गरिरहेको छ । सरकारी निकाय

पनि केही हदसम्म यस क्षेत्रको बारेमा सचेत भैसकेको छ र यस क्षेत्रको बारेमा ठाँउ ठाँउबाट कुरा उठ्न थालेका छन् । यो देख्दा हामीलाई पनि खुसी लाग्छ । रेष्टुरेण्ट पेशा मर्यादित नभएकै कारण यस क्षेत्रमा काम गर्ने महिला तथा किशोरीहरू विदेश जान अग्रसर हुन्छन् । जसले गर्दा धेरै किशोरीहरू चीन, भारत र अन्य खाडी मुलुकमा पुगेका छन् । रेष्टुरेण्टमा पनि नयाँ अनुहारहरू बढी देखिन्छन् । त्यसैले यो क्षेत्र डिमान्ड, सप्लाई र ट्रान्जिट तीनवटैको संगम भएको छ । यसै समस्यालाई मध्यनजर गरेर मनोसामाजिक परामर्श, जीवन उपयोगी सीप, तालिम तथा आय आर्जनमा सहयोग, पारिवारिक पुनर्मिलन र परिवारलाई सहयोग, विभिन्न कानुनी तथा स्वास्थ्य कक्षाहरू र सहयोग, औपचारिक तथा अनौपचारिक शिक्षा, वैदेशिक रोजगारको विषयमा सचेतना कार्यक्रम, बाल क्लब र किशोरी समूहको गठन, समूह बचत तथा ऋृण परिचालन र सरोकारवालाहरूसँगको बैठक र अन्तरक्रिया कार्यक्रमलाई विशेष जोड दिइएको छ । यति काम गर्दा गर्दै पनि हामीलाई दैनिक रेष्टुरेण्ट भिजिट गरेर महिला तथा किशोरीहरूलाई हाम्रो कार्यलयसम्म ल्याउन धेरै गाह्रो छ । किशोरीहरूलाई सकारात्मक बाटोमा ल्याउन धेरै मिहेनत गर्नु पर्ने हुन्छ किनकी उनीहरूमा मनोरञ्जनात्मक वातावरणमा रमाउने बानी बसेको हुन्छ तैपनि विश्वास नेपालले विभिन्न सेवा र सुविधाहरूको माध्यमबाट १८ वर्ष मुनिका बालिकाहरूलाई यस क्षेत्रबाट बाहिर निकाल्ने र त्यहीं काम गर्न चाहनेहरूलाई पनि आफ्नो हक अधिकारमा सचेत भएर काम गर्न सहयोग गरिरहेको छ। रेष्टुरेण्टहरूमा नयाँ नयाँ किशोरीहरूको आवागमन बढे सँगै एउटा प्रश्न पनि यहाँनिर जन्मन्छ आखिर पुराना कामदारहरू कहाँ छन् त ?

रेस्टुरेण्ट क्षेत्र समस्यै समस्याले ग्रस्त छ । मत भन्छु सरकारले कि यो क्षेत्रलाई व्यवस्थित गरोस या त बन्द । होइन भने हामी जस्ता यस क्षेत्रमा काम गर्ने संस्थाहरूले कति हेर्नु यहाँको महिलाहरूको विवशता ! यसमा सरोकारवाला संघ संस्थाहरूको हातेमालोका साथै सरकारको पहलको आवश्यकता रहेको छ। पहिले भन्दा अहिले कार्यबाही तथा अनुगमन समिति (MAC) पनि यस क्षेत्रको लागि सचेत भएको छ । रेष्टुरेण्ट दर्ताको लागि नयाँ कार्य विधि निर्माण हुने प्रक्रियामा छ । अनुगमनका लागि अनुगमन समिति तयारी अवस्थामा छ। आशा छ अबका दिनमा केही परिवर्तन हुन्छ कि अरू सरोकारवाला निकायले यस क्षेत्रमा निरन्तर अनुगमन गरेर यस क्षेत्रको परिवर्तन एवं विकास पक्कै सम्भव छ। यसका लागि सरोकारवाला गैरसरकारी निकायहरूले पनि हातेमालो गर्दै सरकारी निकायसंग सहकार्य, समन्वय र पैरवी गर्नै पर्छ। नयाँ नीति निर्माण र भएका नीतिको कार्यान्वयनमा लाग्नु पर्छ ।

लेखक विश्वास नेपालका अध्यक्ष हुनुहुन्छ।



# छोरीको नर्स बन्ने ईच्छा "पुरा गर्न सक्छु" कि सक्दिन ?

*विश्वास नेपाल*

## घटना अध्ययन १

धनकुटा जिल्ला स्थायी घर भएकी नुना मगर (नाम परिवर्तन) को परिवार सामान्य खालको थियो । खेतीपाती गरेर जीवन गुजारा गर्ने उनको परिवारमा ५ दिदी बहिनी र १ भाई, बुवा, आमा गरी जम्मा ८ जनाछन् । उनले गाउँ कै स्कूलमा कक्षा ५ सम्म पढिन्। त्यस पछि भने समाजमा विद्यमान छोरा पढाउने छोरी पढाउनु हुन्न भन्ने रुढिवादी सोचको कारण नुना पढ्नबाट बञ्चित भइन् । खेतबारी र गोठाला जाँदा आउँदै उनको दिनहरू बित्न थाल्यो । त्यस्तैमा एकदिन गाउँकै एकजना छिमेकी दिदीले काठमाण्डौमा गलैंचा बुन्ने गरेको उनले थाहा पाइन् । दिदीले पनि शहरमा राम्रो कमाई हुने आश्वासन दिइन् । गाउँको दुःख सम्झेर जसोतसो शहरै पस्ने मनस्थिति नुनाले बनाइन् । २०४७ साल फाल्गुण १५ गते मंगलबारको दिन बिहान ७ बजे घरबाट निस्केकी उनले काठमाण्डौ आएर ३ बर्षसम्म गलैंचा बुनिन् । त्यस कामबाट पनि सोंचे जस्तो उन्नति नभए पछि नुना घर फर्किइन् । गाउँमा उही संस्कृति, उही समाजमा घुलमिल भएर बस्न सक्ने वातावरण उनले पाइनन् । उनी फेरि काठमाडौंमै आएर गलैंचा बुन्दै अन्य कामको खोजि गर्न थालिन्। त्यही क्रममा २०५४ सालदेखि रेष्टुरेण्टमा काम गर्न सुरू गरिन् ।

"गाउँमा छोरी पढाएर गलत गर्नु भो, पढाउनु हुँदैन भनेर त्यहाँको समाजले बुवा आमालाई मानसिक यातना दिएको अझै पनि कानमा ठोकिइ रहेको छ', नुना भन्छिन् । बुवा बितेको बेलामा नुना १३ दिन सम्म किरिया बसिन् र आमालाई पनि सक्दो सहयोग गरी छोरी भएकै कारणले शिर ठाडो गरेर हिड्ने वातावरण गरेकी छु ।

काठमाडौं बस्ने क्रममा रामेछापको एक युवकसँग नुनाले विवाह गरिन् । तर उनको दाम्पत्य जीवन सुखमय रहेन । एक छोरीलाई जन्म दिएकी उनी लोग्नेले छोरीको हाल सम्म कुनै रेखदेख नगरेको बताउँछिन् । छोरी हाल कक्षा १० को जाँच दिएर बसेकी छिन । ४ वर्ष अघि उनको श्रीमानले दोस्रो विवाह गरे । त्यसैले हाल उनी श्रीमानसँग छुट्टिएर बसेकी छिन् ।

जीवन सँधैजसो नै संघर्षमय हुने गरेको सम्झंदा उनी कहिले काहीँ आफूलाई कुहिरामा हराएको काग जस्तै सम्झन्छिन् । उनी हाल गरिरहेको रेष्टुरेण्टको काम छाडेर अन्य काम गर्न चाहन्छिन् तर शिक्षा नै त्यसको वाधक भएको उनले बुझिसकेकी छिन् । 'अनुभव भए पनि कतै काम पाइएन, अब पढाइलाई अगाडि बढाउँछु ।' नुना काम गर्दै पढ्ने स्कूलको खोजिमा छिन । तर उनको काँधमा धेरै जिम्मेवारीहरूभएकोले आफ्नो कमाइले पुग्ने अवस्था छैन । आफूले राम्रो काम पाएर छोरीलाई उच्च शिक्षा दिने चाहना उनको छ । 'त्यसको लागि पनि त पहिला आफैं पढ्नु पर्दो रहेछ', नुना भन्छिन् । हिजोआज नुना मेहनत गरेर पढ्दै छिन् । उनलाई सहयोग त चाहिएकै छ, छोरीको पढाई खर्च जुटाउन समेत नुनालाई धौधौ छ । 'मेरी छोरी नर्स बन्न चाहन्छिन् तर छोरीको ईच्छा खोई पूरा गर्न सक्छु कि सक्दिन' नुना चिन्ता व्यक्त गर्छिन् ।

विश्वास नेपालले मेरो आत्म-विश्वास दुगुना बढाएको छ ।

## घटना अध्ययन २

मेरो नाम बन्दना परियार (नाम परिर्वन) हो । सुर्खेतको विरेन्द्र नगरमा जन्मेको हुँ । मेरो परिवारमा जम्मा ५ जना छन् । मेरो बाबा म जन्मनु भन्दा केही महिना अगाडि नै बित्नु भएको रे । जसरी तसरी ममीले खान लाउन पुऱ्याइरहनु भएको थियो ।

कमजोर आर्थिक अवस्थाले गर्दा हामीले अरुको जस्तो सुखको जीवन बिताउन सकेनौं । सबै साथीहरू स्कूल जाँदा मलाई पनि जाउँ जाउँ लाग्थ्यो, तर मैले स्कूलको अनुहार कहिले देख्न पाईन । म १३ बर्षकी हुँदा ममी पनि अर्केसंग बिहे गरेर हिंड्नु भयो । त्यस पछि म काकाको घरमा बस्न थालेँ । काकाको घरमा पनि मलाई राम्रो व्यवहार भएन । जति काम गर्दा पनि गाली गर्ने, कुट्ने, आमा पोइल जानेको छोरी के राम्रो हुन्थी, तँ पनि पोइल गइहाल भन्थे । बाबुलाई पनि नजन्मदै खाई भनेर चित्त दुखाउन सम्म दुखाए, त्यसपछि म बस्नै सकिन । मलाई सम्झाउने बुझाउने कोही थिएन । म आफैंले आफैंलाई सम्झाउँथे । एक्लै बसेर धेरैबेरसम्म रुन्थेँ । बिस्तारै म काकाको घरबाट टाढिन खोज्दै थिएँ । गाउँमा टाढाको फुपू पर्नेले मलाई माया गर्नु हुन्थ्यो । मेरो दुःख देखेर मलाई उहाँले नै लानु भयो । दिनहरू बित्दै थिए । एक दिन गाउँको एकजना केटाले तिमीलाई असाध्यै माया गर्छु भन्दै प्रेम प्रस्ताव राख्यो । मलाई पनि माया लाग्यो । फुपूले मलाई फकाउनु भयो । मलाई पनि एकछिन नदेख्दा कता भेटुँ, कहाँ देखुँ जस्तो लाग्न थाल्यो । मैले नै कर गरेर छिटै विवाह गर्ने प्रस्ताव राखेँ । म भर्खर १४ बर्षकी मात्र थिएँ । हामीले फुपूको उपस्थितिमा मन्दिरमा गएर विवाह गऱ्यौं ।

विवाह गरेको तीन महिनासम्म त राम्रैसंग बित्यो । त्यसपछि दिन प्रति दिन हाम्रो सम्बन्ध बिग्रँदै गयो । उसले मलाई दिनहुँ कुट्ने पिट्ने गाली गर्थ्यौ । मलाई त्यस्तो किन गरेको भनेर सोध्दा उसले 'तँलाई तेरो फुपूले मोहनी लगाएर रू १५ हजारमा बेचेको' पो भनेर बतायो । त्यो सुनेर छाँगाबाट खसे जस्तो, पहाडले थिचे जस्तो अनुभूति भयो । मैले भनेको मानिनस् भने मारिदिन्छु भन्थ्यो । रक्सी खाएर आउने, खान नदिने, यातना दिन थाल्यो । उसले मलाई जहिले नि किनेर ल्याएको भनेर जबरजस्ती करणी गर्थ्यो । म जहिले नि आँसुको सिरानी बनाएर सुत्थें । त्यस्तैमा म गर्भवती भएको ५ महिना पुगेछ । गाउँमा गर्भ पतन गर्ने ठाउँ थिएन । जस्तो दुःख सहेर पनि मैले छोरालाई जन्म दिएँ । छोरा जन्मिसके पछि नि कुटाई नखाएको दिन हुदैनथ्यो । दिनहुँको पीडा सहन नसकी म बिरानो ठाउँ काठमाडौ आउने निधो गरेँ । म तीन महिनाको छोरा लिएर आएँ । यहाँ गाउँको साथी दोहोरीमा काम गर्ने भएकोले मलाई केही समय बस्न र खान सजिलो त भयो । मेरो साथमा सानीमाकी छोरी पनि थिइन । बच्चा हेर्नको लागि लिएर आएकी थिएँ । म पनि साथीलाई भनेर दोहोरीमा नै काम गर्न जान थालेँ । बिस्तारै वेटरको काम गर्दै जाँदा पैसाले नपुग्ने भए पछि मैले गीत गाउनको लागि प्रस्ताव राखेँ । साहुले हुन्छ भन्ने अनुमति दिनु भयो । मेरो दिनचर्या त्यसै गरी बितिरहेको थियो । साथीले कोठा छाडेर जा भनेपछि मैले एउटा कोठा खोजी सुख दुःख गरेर बस्न थालेँ । छोरा र बैनी पाल्नु पर्थ्यो, गुजारा गर्नु थियो, कोठा भाडा तिर्नु थियो । एक त दोहोरीमा धेरै पैसा नहुने त्यसै माथि जिम्मेवारी धेरै भएकोले गर्दा मैले नचाहँदा नचाहँदै पनि रेष्टुरेन्टमा आउने ग्राहकहरूसँग बसेर रक्सी खान र जिस्किन थालेँ । कतिले बाहिर जाने प्रस्ताव पनि नराखेका होइन तर म त्यस्तो काममा चाहिँ जान सकिन । ग्राहकहरूसँग बसेर रक्सी खानु मेरो बाध्यता थियो ।

त्यस्तै काम गर्ने क्रममा एक दिन विश्वास नेपालको दिदीहरू रेष्टुरेन्टमा आउनु भयो । विश्वास नेपालले

रेष्टुरेन्टमा काम गर्ने महिला र बालबालिकाहरूको अधिकारको लागि काम गर्ने एवं तिनीहरूलाई सहयोग गर्ने भन्ने कुरा थाहा पाएँ र म भोलि पल्टै विश्वास नेपालको कार्यालयमा पुगें । यहीं आएपछि जीवनलाई राम्रोसगँ बुझ्ने मौका पाएँ । मैले जस्तै समस्या भोगेका धेरै दिदी बहिनीहरू यहाँ आउँदा रहेछन् ।

विश्वास नेपालमा आएपछि मैले कानुनी अभिमुखिकरण लगायत थुप्रै तालिम र कार्यक्रमहरूमा सहभागि हुने मौका पाएँ । यसको कारण पहिलेको भन्दा म मा आत्मविश्वास दुगुना बढेको छ । बोल्दा खुलस्त बोल्न थालेको छु । म मा सकारात्मक परिर्वतन भएको छ । विश्वास नेपालले मलाई गायन सिक्ने वातावरण मिलाइदिनु भयो । यसले मेरो जीवनलाई नयाँ मोड दिएकोमा, मैले अनुभव गरेको छु । मलाई आत्मविश्वासका साथ जिउन सक्ने बनाई दिनु भएकोमा म विश्वास नेपाललाई मन देखि आभार प्रकट गर्न चाहन्छु । साथै, म आफैंमा पनि एकदम खुसी छु, र समाजमा ढुक्कसगँ हिड्न सक्ने भएकी छु ।

मैले विश्वास नेपालमा सहभागी भएर क्षमता अभिवृद्धिका विभिन्न कार्यक्रमहरूमा भाग लिइसकेपछि मैले राम्रो नराम्रो बुझ्न पाएँ । आफू सक्षम भएर कमाउन सक्ने भए पछि ग्राहकसंग बस्न पनि छाडेकी छु, र अरुलाई नबस्ने सल्लाह दिन्छु । अब त मेरो छोरालाई राम्रो शिक्षा दिएर ठूलो मान्छे बनाउने र म आफैं राम्रो गायिका बन्ने धोको मात्र बाँकि रहेको छ र त्यो पनि पूरा हुन्छ भन्ने सोचेकी छु ।


# हार्दिक बधाईं




एटविनको सदस्य संस्था तथा कार्यसमिति सदस्य **श्री शक्ति मिलन** समाज उत्कृष्ट मानवीय सेवामा अभिप्ररित भई स्थापना काल देखिनै एच.आई.भी. संक्रमितहरूको सेवामा अनवरत रूपमा कार्य सम्पादन गर्नु भएकोमा कार्यसम्पादनको उच्च मुल्याङकन गर्दै मध्यमाञ्चल विकास क्षेत्रबाट उत्कृट सस्थाको रूपमा "शरण क्षेत्री पुरस्कार २०७३" द्वारा सम्मानित हुनु भएकोमा हार्दिक बधाई ज्ञापन गर्दछौं ।

**मिना विष्ट**

अध्यक्ष तथा समस्त एटविन परिवार

# यौनजन्य हिंसाको जवाफी हमला



*अनिल अधिकारी*

◆ रात्री बसमा यात्रा गर्दा घरिघरि सिट पछिल्तिरबाट एकजना मान्छेले जीउमा कोट्याउन थालेपछि सल्यानकी खुमा थापा मगरले रगतै आउने गरी औंला निमोठिदिइन् । असह्य भएपनि ती महोदयले बसभित्र न कराउन सके न चिच्याउन । पछि पो थाहा भयो ती त सांसद रहेछन् ।



◆ केही समय पहिलेसम्म डान्स बारमा नाच्ने सुर्खेतकी ग्रिस्मा तामाङलाई टिल्ल रक्सी धोकेका ग्राहकहरू ‘ जाऊँ हिंड’ भन्दै हात समातेर तान्थे । तर उनी प्रतिकार गर्न सक्दिनथिन् । चेन्ज रुममा गएर बेस्सरी रुन्थिन् ।

माथिका घटनाहरू मनोरञ्जन क्षेत्रमा काम गर्ने महिलाहरूले हरेक दिनजसो भोग्नु परेका यौन हिंसाका उदाहरणहरू हुन् । खुमा, ग्रिस्मा महिलामाथि हुने यौनजन्य हिंसा भोग्न बाध्य हाम्रै समाजका प्रतिनिधि पात्रहरू हुन् । मनोरञ्जन क्षेत्रमा संलग्न अधिकांश महिलाहरू यौन हिंसा सहन बाध्य छन् र थोरैले मात्र प्रतिकार गर्दछन् । ‘प्रतिकार गर्न आत्मबल बलियो हुनु पर्छ’, खुमा भन्छिन्, ‘प्रतिकारको सीप जाने झनै राम्रो ।’

महिलाको निम्ती महिला मञ्च नेपाल (ओफोओन) ले महिलाहरूमाथि हुने यौन हिंसा विरुद्ध नेपालमै पहिलो पटक १० दिने आत्मरक्षा सम्वन्धी तालिमको आयोजना गरिरहेको छ । मञ्चकी संस्थापक अध्यक्ष सृजना पुन मगर भन्छिन्, ‘मैले पनि प्रशस्तै हिंसा भोगेको छु, मनोरञ्जनको क्षेत्रमा । लाइफ ओके च्यानल हेरेर आत्मरक्षाका लागि प्रतिकारको तालिम हामीकहाँ पनि गर्न जरुरी छ भन्ने लागेको थियो । यस्तो तालिम अपाङ्गता भएका र दृष्टिविहिनहरूले समेत लिइसकेको थाहा पाएर हामीले परित्राण नामक संस्थाका मार्शल आर्ट प्रशिक्षक उद्धब थापा मगरलाई सम्पर्क गर्‍यौं । शुरुमा ४ वटा तालिमहरू गरेर के कसरी जाने भनेर विधिहरू तयार गर्‍यौं । ओफोओन को आयोजना र यूएसएड र द एशिया फाउण्डेसनको सहयोगमा अहिलेसम्म ६ सेसन तालिम सञ्चालन भइसकेको छ जसबाट हाम्रा १२१ जना दिदीबहिनीहरूले लाभ हासिल गर्नु भएको छ ।

हिजोआज सृजना बसमा यात्रा गर्दा परिआएको अवस्थाको मौन प्रतिकार गर्दछिन् । ‘तालिम पछि मुख छाड्न छोडें । परिआएको अवस्थालाई सकेसम्म सभ्य पाराले सम्हाल्न तालिमले सिकाएको छ तर अन्तिम अवस्था भनेको हातखुट्टाको प्रयोगबाट जवाफी हमला (फाइटब्याक) वा प्रतिकार नै हो’, सृजना भन्छिन् ।

वोफोओनकी सदस्य ग्रिस्मा सम्झन्छिन्, 'दोहोरीमा ग्राहकहरूले छाडा बोल्दा, उनीहरूसँग नबस्दा ग्राहकले जे मुखमा आयो त्यही शब्द बोल्दा नर्भस हुन्थें, जीउमा काँप छुट्थ्यो र भक्कानिन्थें तर फाइट ब्याक तालिमले आत्मविश्वास ह्वात्तै बढ्यो । अब हेप्नेले खान्छ सट् ।' हुनपनि ग्रिस्माले फाइट ब्याकबाट यौन हिंसाबाट बच्ने र आत्मरक्षा गर्ने थुप्रै रणनीतिहरू बुझिसकेकी छिन् । हाल पार्लर सञ्चालन गरिरहेकी ऊनको बिचारमा महिलाहरूमाथि यौन हिंसा जहाँकहीं र जुनसुकै समय पनि हुन सक्छ तर रातको समयमा मनोरञ्जनका क्षेत्रमा काम गर्ने महिलाहरूले विशेष सतर्कता अपनाउनु पर्छ। तालिमले सजिलो भएको छ। हिजोआज कसैले टार्गेट गरे भने आँखा र हाउभाउले थाहा पाउँछु र सतर्क रहन्छु', उनी भन्छिन् ।

रेस्टुरेण्ट, डान्स बार, दोहरीमा आउने ग्राहकहरू धेरैजसो नराम्रै नियतले आउने ओफोओनकी सदस्य ज्ञानु लामाको अनुभव छ । एक छोराकी आमा उनले वर्षदिन जति डान्सबारमा वेटरको काम गरिन् । हाल साथीसँग मिलेर पार्लर चलाउँछिन् । 'मुइयाँ आज हामीसँग जानुपर्छ है भन्ने, तानेर रक्सी खुवाउन खोज्ने, संवेदनशील अंगमा छुन खोज्ने सामान्य हो', उनी भन्छिन् । म्यानपावरका मान्छे बढी आउँछन् । ओहो तिमी त च्वाँक रैछ्यौ, मोडल बनाइदिन्छु, विदेशमा गएर नाच्छ्यौ, लाख रुपैंयाँ कमाई गरिदिने ग्यारेन्टी हाम्रो भो भनेर फकाउने थुप्रै आउने ज्ञानु बताउँछिन्। सँगै बसेकी साथी खुमा केही समय पहिलेको एउटा घटना यसरी सुनाउँछिन्, 'एउटी केटी दोहरीमा हरेक दिनजसो ग्राहक बनेर आउँथिन् । पैसा नि खर्च गर्थिन् । एउटी १५ वर्षिया वेटरलाई विदेश पठाइदिन्छु भनिरहन्थिन् । अहिले ग्राहक पनि गायब, वेटर नि गायब ।', २ वर्ष दोहोरी साँझमा गायिका भई काम गरिसकेकी खुमा भन्छिन् ।



**महिलाहरू अपहरण र हिंसामा पर्दा निम्न उपायहरू अपनाउन सक्नेछन् :**

के भइरहेको छ ? ध्यान दिएर सोच्ने, मनन गर्ने ।
घटना भइहाले सकेसम्म पन्छिने ।
सभ्य तरिकाले सम्झाउने, बुझाउने ।
चर्को स्वरले बोल्ने ।
आइहाले प्रतिरोध गर्ने ।
संवेदनशील अङ्गमा आक्रमण गर्ने ।
बहिर्गमन (भाग्ने वा तर्कने) ।

**महिलाहरुले आफूसँग भएका निम्न सामग्रीहरुको प्रयोग गर्न सक्नेछन्:**

चाबी (पीडकतिर सोझ्याउने वा घोच्ने)
कापी वा किताब (निमोठेर हिकार्उने)
च्याप्नी काँटा (घोचिदिने)
हिलजुत्ता र बेल्ट (हिर्काउने)
छाता (घोच्ने)
आफुले प्रयोग गरेको व्याग (हिर्काउने)

खुमा ओफोओनकी कोषाध्यक्ष हुन् । पाँचवटा दोहरी गीतको एल्बम निकालिसकेकी उनी फाइट ब्याक तालिम आफूलाई निकै उपयोगी भएको बताउँछिन् । भन्छिन्, 'एकपटक गोंगबुको मिर्मिरे दोहोरी सकाएर राति १२ बजे घर फर्कंदा गल्लीको बाटोमा एकजना केटाले पछिल्तिरबाट कपाल तान्यो । मेरो पालो फनक्क फर्केर खुट्टा उचालेको के थिएँ, सुइँकुच्चा ठोक्यो डरले ।'

मनोरञ्जन क्षेत्रमा महिलाहरू यौनजन्य हिंसाबाट मात्र हैन, बेचबिखन र ओसार पसारको मारबाट समेत प्रभावित बन्ने गरेका छन् । हिजोआज मनोरञ्जन क्षेत्र बेचबिखन र ओसारपसारको पहुँच र स्रोत क्षेत्र पनि बन्न थालेको छ । महिलाहरूको मानव अधिकार र सुरक्षाको दृष्टिकोणबाट मनोरञ्जन क्षेत्र संवेदनशील छ। 'स्टेप स्टेपमा बचेर काम गर्नुपर्छ', सृजना भन्छिन्, 'भलाद्मी देखिने, पढेलेखेको, सुट टाई र दाउरा सुरुवालमा आउने मानिसहरू रक्सीको नशामा कसरी जङ्गली बन्दछन् क्याबिन, डान्स, दोहोरीमै देख्न पाइन्छ।

दलालहरू मौकाको तलासमा बसेका हुन्छन् ।'

मनोरञ्जन क्षेत्रलाई सम्मानित र मर्यादित श्रमको रुपमा हेरिनु पर्छ। श्रम ऐन २०४८ संसोधनका क्रममा रहेकाले यस क्षेत्रलाई पनि सम्बोधन गरियो भने यस क्षेत्रमा श्रमिकहरूले भोग्नु परेका हिंसा एवं शोषणहरूको न्यूनीकरणमा सहयोग पुग्न जान्छ। सोकारवाल सरकारी एवं गैरसरकारी निकायहरू गम्भिर हुनु अत्यावश्यक देखिन्छ । साथै, श्रमिक महिलाहरू संगठित हुने र यस्ता खालका तालिमहरू अझै व्यापक गर्न सकियो भने महिलाहरूको सुरक्षा त्यसै हुने सृजना बताउँछिन्।

फाइट ब्याक तालिमबाट आफ्नो संस्थाका बोल्न नसक्ने, नजान्ने, धक मान्ने, नर्भस हुने दर्जनौं महिलाहरू आत्म विश्वासका साथ कन्फिडेन्ट साथ परिस्थितिको सामना गर्न सक्षम भएकोमा सृजना खुशी छिन् । 'देशका सबै मनोरञ्जन क्षेत्रका महिला दिदी बहिनीहरूले फाइट ब्याक तालिम लिन जरुरी छ', सृजना अन्तमा भन्छिन् ।

(लेखक स्वतन्त्र पत्रकार एवं
टेका समूह नेपालका अध्यक्ष हुनुहुन्छ ।)

गीत

## तिमीले बाटो भुल्यौ अरे ...............

तिमीले बाटो भुल्यौ अरे,
बेचबिखनमा पऱ्यौ अरे,
यो हल्ला छ तिमीलाई,
विपत पऱ्यौ अरे .......।

तिमीलाई परेको दुस्खलाई सहन सकेनौ,
सहि गलत के हो छुट्याउन जानेनौं,
दलालीको हातमा परि गयौं आखिर दुर,
दुःख पिडाबाट मुक्त हुन गऱ्यौ आफ्नै सुर ।
तिमिले बाटो भूल्यौ अरे,
बेचबिखनमा पऱ्यौ अरे,
यो हल्ला छ तिमीलाई,
विपत् पऱ्यौ अरे ...........।

के नारी हुनुमा तिम्रो गल्ति भयो ?
किन आज तिमीले दुःख पायौ,
दुःख पाई तिम्रो जीवन घर न घाटको भयो,
अरूलाई विश्वास गर्दा जीवन बर्बाद भयो ।
तिमीले बाटो भुल्यौ अरे,
बेचबिखनमा पऱ्यौ अरे,
यो हल्ला छ तिमिलाई,
विपत् पर्यौ अरे .......।

(उक्त गीत जागरण नेपालको काभ्रे जिल्लाका प्रशिक्षक प्रशिक्षणका सहभागीहरूले रचना गरेको हो ।)

# मानव बेचबिखनका प्रभावितहरूको पारिवारिक/सामाजिक पुनर्स्थापना



विमला ग्याली

## क. विषय प्रवेश

नेपालमा मानव बेचबिखन एउटा जघन्य सामाजिक अपराधका रूपमा देखिएको लामो समय भैसक्यो । यस माथि लामा बहस र छलफलहरू दिनहुँजसो हुने गरेका छन् । मानव बेचबिखनसँग सम्बन्धित कानुन, नीति, नियम, कार्यक्रमहरूरू पनि तर्जुमा भई लागू भैरहेका छन् । तथापि मानव बेचबिखन नियन्त्रणमा आएको छैन ।

मानव बेचबिखन विरूद्धको कार्यक्रमको कुरा गर्दा बेचबिखन, उद्धार, विदेशबाट भए स्वदेश फिर्ती, पुनर्स्थापन तथा त्यसपछिको अनुगमन सम्मका कुराहरू पर्दछन्। प्रभावितहरूको पुनर्स्थापनका विभिन्न सम्भावनाहरू मध्ये पनि पारिवारिक/सामाजिक पुनर्मिलन विशेष महत्वको रहेको छ। यस छोटो आलेखमा प्रभावित तथा पीडितहरूको पारिवारिक/सामाजिक पुनर्स्थापनका बारे चर्चा गरिएको छ ।

## ख. बेचबिखनको विद्यमान अवस्था

नेपालका लागि मानव बेचबिखन फस्टाउँदो अपराधिक व्यवसायका रूपमा रहेको छ । बदलिँदो परिवेश सँगसँगै बेचबिखनका स्वरूपहरूमा पनि परिवर्तन आइरहेको छ। परम्परागत रूपमा चलिआएको अवस्था उदाहरणका लागि 'नचिनेको मानिस/दलाल आउँछ, घर परिवार वा बालबालिका/महिलालाई फकाउँछ र भारततिर लगेर बेच्छ' भन्ने बाहेकका तौर तरिकाबाट पनि मानव बेचबिखन भैरहेका तथ्यहरू सार्वजनिक भैरहेका छन् । वैदेशिक रोजगारीका नाममा खाडि मुलुक लगायतका देशहरूमा विशेषगरी बालिका तथा महिलाहरू बेचबिखनको जोखिममा पर्ने अवस्थाहरू सिर्जना भैरहेको छ। मनोरञ्जन क्षेत्र लगायत विभिन्न कामका लागि नेपालकै ठूला शहर बजारहरूमा किशोरी तथा महिलाहरू ओसारपसारमा परिरहेका छन् । यसरी हेर्दा अवैधानिक बाटो मात्र हैन वैधानिक बाटोबाट समेत हाम्रा बालबालिका र चेलिबेटीहरू बेचबिखनको मुखमा पुगिरहेका छन् ।

यसरी विकराल स्वरूप लिइरहेको मानव बेचबिखन विरूद्ध सरकारी तथा गैर सरकारी क्षेत्रको प्रयास

जारी छ । बेचबिखनका क्षेत्रबाट उद्धार गर्ने, विदेशमा भए स्वदेश फिर्ता ल्याउने, पुनर्स्थापन गर्ने र अनुगमन गर्ने सम्मका कामहरू भैरहेका छन् । यस बाहेक समय सापेक्ष नीति नियमहरूमा परिमार्जन गर्ने, संरचनागत विकास गर्ने र जन चेतना अभिवृद्धिका कार्यक्रमहरू सञ्चालन गर्ने सम्मका कामहरू अगाडि बढिरहेका छन् । यद्यपी यी सबै कामहरू अपर्याप्त साबित भैरहेका छन् ।

## ग. पुनर्स्थापनमा वर्तमान अभ्यास

अहिलेसम्मको अभ्यासलाई हेर्दा प्रभावितहरूको उद्धार भैसकेपछि केही समय कुनै आवधिक गृहमा राख्ने, आत्मनिर्भरताका सीपहरू सिकाउने, मनोसामाजिक परामर्शहरू दिने र पछिल्लो अवस्थामा पुनर्स्थापन गर्ने गरिएको देखिन्छ। पुनर्स्थापनका सन्दर्भमा रोजगारीमा लाग्ने, बिहाबारी गरेर पारिवारिक जीवन व्यतित गर्ने, कुनै बन्द-व्यापार गरेर जीवन निर्वाह गर्ने र पारिवारिक/सामाजिक रूपमा पुनर्स्थापित हुने जस्ता विकल्पहरू रहेका छन् । यी विकल्पहरू मध्ये पनि पारिवारिक/सामाजिक पुनर्स्थापन नै सबैभन्दा प्रमुख र सदैव प्राथमिकतामा रहेको विकल्पका रूपमा रहँदै आएको छ । यद्यपि पुनर्स्थापनको सवालमा सदैव चुनौती कायम रहन्छ । यस क्रममा प्राथमिकतामा रहँदै आएको सामाजिक/पारिवारिक पुनर्स्थापन सहज

बन्न सकेको छैन । घर फर्किएका प्रभावितहरूलाई कतिपय अवस्थामा घर परिवारले नस्वीकार्ने स्थिति छ भने घर परिवारले स्वीकारेको अवस्थामा पनि समाजले दिने मनोवैज्ञानिक दबाब हावी भै दिँदा प्रभावितहरूको पारिवारिक/सामाजिक पुनर्स्थापना चुनौतीपूर्ण बनेको हो। एकपटक घरपरिवारमा पुनर्स्थापन भैसकेका कतिपय महिला तथा बालबालिका पहिले कै स्थानमा फर्किएका घटनाहरू बारम्बार दोहरिनुमा यही सामाजिक सोंचले काम गरेको छ । फर्किएर आएकाहरूलाई स्वीकार्नुको बदला नानाभाँति आरोपहरू लगाउने, शंकाको दृष्टिले हेर्ने भए पछि प्रभावितहरूको उत्साही मन फेरी भाँचिनु स्वभाविक हो ।

## घ. सामाजिक/पारिवारिक पुनर्स्थापनमा ध्यान दिनु पर्ने कुराहरू

- बेचबिखनमा परेका अधिकांश महिला तथा बालबालिकाहरूको पृष्ठभूमि केलाउँदा उनीहरू बेचबिखनमा पर्नु अघि घरेलु हिंसाबाट प्रभावित रहेको पाइएको छ । यसरी जुन घरपरिवारमा उनीहरू हिंसामा परेको हो सोही परिवारमा पुनर्स्थापित हुँदा कत्तिको सहज अवस्था आउने हो विचारणीय छ । यस अवस्थामा महिलाहरू आत्म-सम्मानका साथ नभएर सम्झौतामा जिउनु पर्ने अवस्था आई पर्दछ । तसर्थ त्यस्ता परिवारमा विशेष परामर्श सेवाको व्यवस्था गरिनु पर्दछ ।
- पुनर्स्थापित भएर श्रीमान्सँग बसिरहेका कतिपय महिलाहरूलाई श्रीमान्बाट समुचित व्यवहार नभएका घटनाहरू पनि प्रशस्तै भेटिन्छन् । यस अवस्थामा महिलाहरू कि त घर छोड्न वाध्य छन् कि त परिस्थितिलाई स्वीकार्न अभ्यस्त छन् । यस अवस्थामा श्रीमान् लगायत उनको परिवारलाई विशेष परामर्शको आवश्यकता पर्दछ ।
- पुनर्स्थापित कतिपय महिलाहरूका श्रीमान् तथा उनका परिवार सँगको नराम्रो सम्बन्धका कारण भएका बालबालिकामा मनोवैज्ञानिक असर पर्ने त छँदैछ उनीहरूलाई नागरिकताको समस्याहरू निरन्तर परिरहेको छ। यस सन्दर्भमा पनि उत्तिकै ध्यान पुऱ्याउन आवश्यक छ ।
- पुनर्स्थापित महिलाहरू कमजोर हुनुमा उनीहरूको सम्पत्ति माथिको पहुँच र नियन्त्रण नहुनु विशेष रूपमा उल्लेख्य रहेको छ । उनीहरूलाई आय आर्जन क्रियाकलापहरूमा संलग्न गर्नु जरूरी छ ।

## ङ. निष्कर्ष

प्रभावितहरूको पुनर्स्थापनको चरण ज्यादै संवेदनशील चरण हो । विशेष गरी पारिवारिक/सामाजिक





पुनर्स्थापनका सन्दर्भमाउनीरू जहाँबाट विस्थापित भएका हुन् त्यहीं स्थापित गर्ने प्रयास गरिन्छ । यस प्रयासमा समाजका सबै सरोकारवालाहरूको सकरात्मक धारणा विकास गराउन सकिएमा स्थितिमा फरक आउन सक्तछ। कानुन बनाउने र लागू गराउने कुरा मात्र सर्वोपरि होइन। हामीले मानिसको मन परिवर्तन गर्ने कुरालाई महत्व दिनै पर्दछ ।

(लेखक सिविसका अध्यक्ष, एटविनका निवर्तमान अध्यक्ष हुनुहुन्छ। उहाँ पाटन संयुक्त क्याम्पसमा समाजशास्त्र अध्यापन गराउनु हुनुहुन्छ।)

लेख

# बेचबिखन तथा देह-व्यापार र रोकथाम गर्नेमा चाल्नै पर्ने कदमहरू



इरादा गौतम

बेचबिखन, देह व्यापारको रोकथामका कुरा गर्दा यसको स्वास्थ्य, शिक्षा, सामाजिक, मानसिक, आर्थिक, रोजगार र दीर्घकालिन असर बारे बुझ्न जरुरी हुन्छ । बेचबिखन, देह व्यापार, महिला तथा बालबालिका को हिंसाको ठूलो स्वरुप हो । गहिरिएर विचार गर्ने हो भने महिला तथा बालबालिकाको हिंसा, बेचबिखन, देह व्यापार सामाजिक र मानव अधिकारको विषयमात्रै हैन, अर्थशास्त्रको सवाल पनि हो । हिंसा, बेचबिखन, देह व्यपारको कारणले नेपाली परिवार, समाज र देशले निक्कै प्रत्यक्ष एवं अप्रत्यक्ष खर्च गरिरहेको छ । बेचबिखन, देह व्यापारबाट धेरै किशोरीहरू लगातार प्रताडित भइरहेको अहिलेको परिप्रेक्ष्यमा राष्ट्रले उद्धार, राहत, औषधी, पुनःस्थापना, प्रहरी, प्रशासन, कर्मचारी, न्याय आदि विभिन्न रुपमा प्रत्येक बर्ष निक्कै खर्च गर्नुपरेको छ भन्ने कुरा अनुमान गर्न सकिन्छ ।

आर्थिक र सामाजिक रुपले सक्रिय योगदान पुऱ्याइरहेका किशोरी, महिला आफ्नै परिवार र समाजद्वारा गरेको बेचबिखन, देह व्यापार, हिंसाबाट प्रत्येक दिन पीडित हुँदा यिनको भौतिक र मनोसामाजिक अवस्था कस्तो हुँदो होला र यो अवस्थाले यिनको कार्यक्ष ्मतामा कति असर परेको होला, अनि यो कार्यक्षमतामा परेको नकारात्मक असरले परिवार र देशकै आर्थिक, सामाजिक र मानव विकासको गति कति पछाडि धकेलिएको होला ? सहजै अनुमान गर्न सकिन्छ ।

प्रत्यक्ष खर्चभित्र बेचबिखन, देह व्यापार, हिंसा पीडितको उद्धार, राहत, उपचार, प्रहरी र न्यायालयसम्म जान लाग्ने खर्चदेखि सरकार र गैरसरकारी संस्थाले उद्धार गृह सञ्चालन, प्रहरी र न्यायालयका संरचना, कर्मचारी, अस्पताल र पुनःस्थापनामा लाग्ने आर्थिक भारसम्म पर्छन । अप्रत्यक्ष खर्चभित्र पीडितले बेचबिखन, देह व्यापार, हिंसाको कारणले गुमाएको कार्यक्षमता, रोजगारी र उत्पादनको क्षमता पर्छन ।

हिंसा, बेचबिखन, देह व्यापारका कारणले पीडित महिला बालबालिकामा शारिरिक वा मानसिक रुपमा कमजोर भई काम गर्ने क्षमतामा ह्रास आउँछ र यसले उत्पादकत्वमा नै असर पार्दछ । बेचबिखन, देह व्यापार, हिंसा पश्चात पीडकमै पनि मन हतास हुने वा ग्लानी हुने मनोसामाजिक असरबाट अनि प्रहरी प्रशासन र मुद्दामामिला भए समय अभावका कारणले कार्य क्षमतामा ह्रास आउने वा रोजगारी गुम्ने र उत्पादकत्व गुम्ने हुन्छ । यसरी उत्पादन गुम्नु भनेको आर्थिक भार थपिनु र कूल ग्राहस्थ को परिमाण घट्नु नै हो ।

हिंसा, बेचबिखन, देह व्यापारको मानवीय मुल्य अझ भयानक छ । पीडित र पीडक दुवै यही समाजका सदस्य हुन् । कुनै बालबालिका तथा महिलामा बेचबिखन, देह व्यापार, हिंसाका कारण शारिरिक, मनोसामाजिक पीडा र आत्मसम्मानमा पुगेको चोटको असर दीर्घकालीन हुन्छ । घर–समाजमा बेचबिखन, देह व्यापार, हिंसा देखेका र भोगेका बालबालिका मनोसामाजिक रुपमा विचलित हुन्छन् । उनीहरूका सवै नियमित क्रियाकलापमा नकारात्मक असर पर्छ अनि देशकै मानव विकासमा प्रभाव पर्छ । बेचबिखन, देहव्यापार, महिला हिंसा देखेका बालकले ठूलो भएपछि आफैं पनि परिवारमा हिंस्रक व्यवहार गर्ने र बालिकाले पुरुषलाई घृणा गर्ने गरेका उदाहरण समाजमा प्रशस्तै पाइन्छन् । आज गरेको बेचबिखन, देहव्यापार, महिला हिंसाको नकारात्मक असर परिवार र समाजमा पुस्तौं–पुस्तासम्म पनि रहन्छ ।

बेचबिखन, देह व्यापार को कारण अर्थतन्त्रमा ठूलो धनराशि खर्च गर्नुपरेको र हिंसाकै कारणले उत्पादकत्वमा छेड परेको अहिलेको स्थितिमा जति धेरै आर्थिक समृद्धि बढाउने नीति र कार्यक्रम लिए पनि बेचबिखन, देह व्यापार नरोके आर्थिक बृद्धि के हुन्छ र ? आधाभन्दा बढि जनसंख्या रोइरहेको, आत्मसम्मानमा चोट लिएर डरैडरमा बाँच्नु परिरहेको अवस्थामा आर्थिक वृद्धिको पनि के अर्थ रहन्छ ? महिला हिंसा, बेचबिखन, देह व्यापार मानवीय क्षति, महिलाको मानवअधिकार हनन् र सामाजिक कुसंस्कारको विषय त हो नै, परिवार, समाज र देशको आर्थिक वृद्धि र विकासको तगारो पनि हो र यसको निराकरण नगरी देशको त परै जाओस्, घरपरिवार र गाउँ–समाजकै पनि आर्थिक समृद्धि सम्भव छैन ।

बेचबिखन, देह व्यापार बालबालिका, महिलाको मात्रै मुद्दा हैन, अधिकारकर्मीको मात्रै मुद्दा पनि हैन, यो प्रत्येक परिवार र समुदाय अनि देशकै आर्थिक समृद्धिको मुद्दा हो भन्ने बुझेर बालबालिका तथा महिला हिंसा, बेचबिखन, देह व्यापार नगर्ने, नसहने, पीडित भेटे न्यायको लागि सहयोग गर्ने अनि पीडक देखेमा विकासमा बाधा पुऱ्याउने देशद्रोही भनेर पारिवारिक र सामुदायिक तहमै बहिष्कार गर्ने अनि सम्बन्धित ठाँउमा रिपोर्ट गर्ने बानी बसाउनु अति आवश्यक रहेको छ ।

आमाको नामबाट नागरिकता, प्रथापरम्परा र प्रचलनको नाममा कुनै पनि किसिमले कसैलाई शोषण गर्न नपाइने र मानिसलाई बेचबिखन गर्न दास वा बाँधा बनाउन नपाइने, राज्यको हरेक निकायमा न्यूनतम् ३३ प्रतिशत महिला सहभागिता हुनुपर्ने, सबै विभेदकारी कानुनको अन्त्य, समान काममा समान ज्याला र सामाजिक सुरक्षामा भेदभाव नगरिने, प्रत्येक महिलालाई प्रजनन् सम्बन्धी हक, कुनै पनि महिलाको शारिरिक, मानसिक र अन्य कुनै हिंसाजन्य कार्य गरिने जस्ता कार्यहरूलाई दण्डनीय बनाउने, पैतृक सम्पत्तिमा छोरा र छोरीमा समान हक, आर्थिक, सामाजिक, शैक्षिक दृष्टिले पछि परेका महिला, दलित, आदिवासी, जनजाती, मधेशी, उत्पिडित, गरिब, किसान र मजदुर वर्गलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यको संरचनामा सहभागि हुने हक लगायत प्रावधानहरू संविधानमा उल्लेख भएको छ । २०७२ आश्विन ३ गते त्यस्तो ऐतिहासिक दिन बन्यो जुन दिन नेपाली जनताको ६ दशक भन्दा बढिको समय देखिको चिर प्रतिक्षित चाहना पुरा भएको छ ।

नेपालले हस्ताक्षर गरी अनुमोदन गरिएका संयुक्त राष्ट्रसंघको मानव अधिकारको विश्वव्यापी घोषणापत्र–१९४८, महिला विरुद्धका सवै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धि सिडा–१९७९, बेइजिङ घोषणा–पत्र तथा कार्ययोजना २००७ लगायतका विभिन्न महासन्धिहरू, अन्तर्राष्ट्रिय–राष्ट्रिय कानुनहरू




महिला अधिकार सुनिश्चित गर्नका लागि नै लागू गरिएका हुन् । यद्यपि, वर्तमान परिप्रेक्षमा पनि बेचबिखन, ओसारपसारको घटनाहरू बृद्धि हुँदै गइरहेको कटु यथार्थलाई भने नकार्न सकिदैन । जन्मिदा स्वच्छ, हृदयी र पुर्वाग्रहविनाको खुला मस्तिष्क लिएर जन्मेका छोरीलाई निलो वा गुलाफी रंगका पछ्यौराले बेरिदिएर न्यानो मात्र बनाइएको हुँदैन, त्यससँगै छोरालाई बन्दुक, गाडी अनि छोरीलाई भाँडाकुटी, पुतलीसँग घेरेर हाम्रो अस्तित्व पूर्वनिर्धारण गरिने काम पनि सँगै हुन्छ । के गलत, के सही हामीले छुट्याउने अवसर नै नपाई समाजबाट छोरीले ती कुरालाई टपक्क टिप्ने र शिरोधार्य गर्नुपर्ने बाध्यात्मक परिस्थितिलाई स्वीकार्नु परिरहेको छ ।

**मेरो अनुभवमा रोकथामको लागि सुझावहरू:**

पुरुष वादी प्रवृति सोंच र उनीहरूको शासकीय प्रवृत्तीले पहिलो प्रहार नै महिला लक्षित रहि आएको ले २१ औं शताब्दीको यो आधुनिक समयमा ती देशभित्रको सामाजिक परिस्थिती र परिवेशमा नै सुधार गर्नुपर्छ । एउटा व्यक्ति जन्मिनासाथ उसको ज्ञानेन्द्रीयको आधारमा उसका लागि परिधि पर्खाल तेर्साउनु भन्दा अगाडि पहिला मानव हुन अभिप्रेरित गर्नुपर्दछ ।

गाविस स्तरिय बाल क्लव सञ्जालमा व्यापक रुपमा बेचबिखन सम्बन्धि कानुनको प्रभावकारी कार्यान्वयनको लागि सचेतना कार्यक्रम हुनुपर्ने, भएका कानुनको प्रभावकारी कार्यन्वयवको लागि हरेक गाविसमा शिक्षक, विद्यार्थी, अभिभावक, महिला, पुरुष, किशोर-किशोरीहरूसंग सामूहिक छलफल कार्यक्रम हुनुपर्ने, मोवाइलको दुरुपयोग रोक्न पहल गर्नुपर्ने, राजनीतिक दलहरूले पनि बेचबिखन रोक्नका लागि आफ्ना कार्यकताहरूलाई निर्देशन दिनु आदि गर्नु पर्दछ ।

शैक्षिक, व्यापार, मजदुरी तथा विभिन्न कारणले बिदेशिएका महिला तथा बालबालिकाहरूलाई बेचबिखन तथा देह व्यापारका बारेमा सचेतना गर्नु पर्दछ ।

नेपालको खुला सिमानामा बेचबिखन तथा देह व्यापारको उच्च जोखिमका स्थानहरू भएको कारणले उक्त ठाँउहरूमा सतर्कताका साथ अनुगमन गर्नु पर्दछ ।

सचेतनाको साथसाथै खतरामा परेका बालबालिकालाई निरन्तर शिक्षामा सहयोग गर्नुपर्ने र उसको अभिभावकलाई आर्थिक स्तर सुधार्ने कार्यक्रम गर्नु पर्छ ।

समग्र परिवार, समाज अनि राष्ट्रलाई छोरीको योगदान तथा महत्वको बारेमा सचेतना जगाउने ।

सवै नेपालीको छोरा–छोरीले नेपाली नागरिकता सहजै पाउनुपर्छ भन्ने सोचाइका साथ नागरिकता प्राप्त गर्न पहल गर्ने ।

बेचबिखन रोकथामको लागि बेचबिखन विरुद्धको अभियानमा निकै ठूलो योगदान पुऱ्याएका ब्यक्तिको संघर्षका कथा सुनाउने, जसले कार्यक्रमका सहभागिहरूको मनछुने र सवैलाई भावुक बनाउने हुनाले सक्दो अनुभव आदानप्रदान गर्ने ।

युवा, बालबालिका तथा पुरुषहरूको सहभागिताका साथ बेचबिखन विरुद्धको अभियानकर्ता धेरै भन्दा धेरै तयार गर्ने ।

उमेर नपुगी विहे नगर्ने, यदि घर परिवारले जबर्जस्ती गर्छन भने नजिकको प्रहरी वा सामाजिक संस्था, जिल्ला प्रशासन कार्यालयलाई खवर गर्ने ।

गाविस स्तरमा बेचबिखन, देहव्यापार, बालबिवाह रोक्ने प्रतिबद्धता भए नभएको अनुगमन गर्ने र अभियन्ताको रुपमा काम गर्ने ।

हाम्रो कथा, व्यथा र आवाज एउटै हो भन्दै एकजुट हुन र खतरामा परेको, बेचिन बाध्य महिला, बालबालिकालाई समुहमा आवद्ध गर्ने, शक्तिमा बदल्ने, र समुह मार्फत बेचिन बाध्य महिला, बालबालिकाको उद्धार र सहयोग गर्ने कामको लागि प्रेरणा दिने । जीवनमा जुन घटना घट्यो, त्यसलाई टेकेर उठ्ने हिम्मत गर्ने, सफल भै आफूलाई बचाएर आफू जस्ता कैयौं पीडितको जीवन बचाउन आफैं बलियो हुनु पर्छ भन्ने भावना जगाउने ।

शक्ति, नाता, सम्बन्ध र विश्वासको दुरुपयोग गरी महिला, बालबालिकाहरूमाथि बेचबिखन, देह व्यापारका घटनाहरू एकपल्ट मात्रै वा लगातार पनि हुन सक्छन । बेचबिखन, देह व्यापार तथा शोषणको घटना कुनै पनि जातजातीका, कुनैपनि उमेरका केटा वा केटी, पढेको वा नपढेको, धनी वा गरीव, विभिन्न धर्मका महिला, बालबालिकाहरूलाई जुनसुकै ठाउँमा पनि घटन सक्छ । यस्तो घटना हुनुमा बालबालिकाहरूको कुनै दोष हुदैन, यसबाट उनीहरूलाई शारिरिक एवं मानसिक असरहरू पर्छन जसले गर्दा उनीहरूको

सम्पुर्ण जिवननै बर्बाद हुन सक्छ । त्यसैले बेचबिखन, देह व्यापार, बालयौन शोषणमा परेका व्यक्तिहरूलाई पहिलेकै जस्तो स्थितिमा शान्त, खुशीसाथ रमाइलो र हँसिलो जीवनयापन गराउन हामी सबैको प्रयत्न हुनुपर्छ ।

हामीले के कुरा बुझ्न जरुरी छ भने जस्तो सुकै अप्ठयारो परिस्थितिमा पनि हरेक बालबालिका तथा महिला आफ्नो परिस्थितिसंग लड्न सक्षम हुन सक्छन र उनीहरूको विचार, अनुभव, भावनाहरूलाई कदर गनुपर्छ । हरेक महिला, बालबालिकाको फरक फरक क्षमता हुन्छ भन्ने कुरालाई स्वीकार्नु पर्छ । सम्बन्ध विस्तार गर्ने, जस्तो सुकै अप्ठयारो परिस्थितिमा पनि किशोरी, बालबालिका तथा महिलाको कुरा सुन्ने र न्यानो माया, ममता र सहयोग दिनु सबैभन्दा महत्वपूर्ण कुरा हो । बालबालिका तथा महिलाहरूलाई उ एक्लो छैन, उसलाई माया गर्ने अन्य साथीहरू, घर परिवारकाहरू, मित्रहरू, शिक्षकहरू, दाजुभाइ दिदीबहिनीहरू, संघ संस्थाहरू छन् जसले उसका भावनाहरू बुझ्न मद्दत गर्दछ र समाजमा सबै नराम्रो मान्छे हुदैनन् भन्ने विश्वास दिलाउने ।

बालबालिका तथा महिला जो बेचबिखन, देह व्यापार तथा यौन शोषणमा पर्छन् उनीहरूको आधारभूत आवश्यकताहरू पूरा गर्न मद्दत गर्ने । उनीहरूसंगै बसेर परिस्थितिको बारेमा राम्रो जानकारी हासिल गर्ने र घटनाबाट हतास नभइ नयाँ जीवनको सोच बनाउन र आफू शान्त र खुशी कसरी हुन सकिन्छ भनेर विश्लेषण गर्ने । समाजमा यस्तो घटना हुन नदिन बालबालिका, महिला तथा अभिभावकसंग छलफल गर्ने ।

आत्मबल, आत्मविश्वास बढाउन, आत्मसम्मान गर्न सहयोग गर्ने र सधैं हाँसी खुशी भएर बस्न सिकाउने र मद्दत गर्ने । खुशी बनाउन उसलाई के गर्न मनपर्छ सो अनुसार वातावरण सिर्जना गरिदिने र त्यसैमा सामेल हुने (जस्तै गीत गाउने, नाच्ने, चित्र कोर्ने, कविता लेख्ने आदि) उनीहरूको इच्छा, भावनालाई कदर गर्ने, खेल्ने, उमेर मिल्ने साथी भाईहरूसंग मनको कुरा साटासाट गर्ने । बालबालिका तथा महिलाहरूलाई राम्रो गर्न, खुशी पार्न र हौसला दिनको लागि धेरै तरिकाहरू हुन सक्छन्, उनीहरूको जीवन, व्यक्तित्व, विचार, भावना तथा इतिहासको बारेमा जान्न मद्दत गर्ने र महशुस गराउने कि उसको भावना कसैले सुनेको छ र स्वीकारेको पनि छ जसले गर्दा उनीहरूले एक्लो महशुस नगरोस् र आफना समस्यासंग लड्ने आँट गर्दछ ।

यौन शोषण, बेचबिखन तथा देह व्यापारमा परेका बालबालिका तथा महिलाको भावना बुझ्न् उनीहरूको प्रवृत्ति, विचार, भावना र व्यवहारको बारेमा राम्रो जानकारी राख्नु पर्छ जसले गर्दा हामी विच समस्या उत्पन्न नहोस् र हाम्रो आवश्यकता भन्दा किशोरी र बालबालिकाको आवश्यकतालाई ध्यान दिएर परामर्श गर्ने ।

यौन शोषण, बेचबिखन, देह व्यापार विरुद्ध उठेका आवाज, तातेका सडक र न्यायको लागि कानुनको ढोका ढकढकाउने समुहमा पीडित बालबालिका, महिला, उनको परिवार तथा मानव अधिकारकर्मी सबै एकजुट हुने ।

शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदको आधारमा विशेष व्यवस्था गर्ने । असहाय अवस्थामा रहेका बालबालिका, महिलालाई सीप, क्षमता र योग्यताको आधारमा, रोजगारीमा प्राथमिकता दिंदै जीविकोपार्जनका लागि समुचित व्यवस्था गर्दै जाने ।

जोखिममा परेका, सामाजिक र पारिवारिक बहिष्करणमा, यौन शोषण, बेचबिखन तथा देह व्यापारमा परेका पीडित बालबालिका तथा महिलालाई पुनःस्थापना, संरक्षण, सशक्तिकरण गरी स्वावलम्बी बनाउने र प्रजनन् अवस्थामा आवश्यक सेवा सुविधा उपभोगको सुनिश्चित गर्ने ।

लेखक आवाजको अध्यक्ष हुनुहुन्छ ।

लेख

# मनोरञ्जन क्षेत्रमा बालबालिका तथा किशोरीहरू



श्रृजना दाहाल

वर्तमान समयमा सरकारी तथा गैर सरकारी निकायहरूको प्रमुख चासोको विषय बनिरहेको छ, मानव बेचबिखन तथा ओसारपसार । मानव बेचबिखनको बुझाइलाई अझै पनि धेरैले प्रष्ट रूपमा बुझेको पाइदैन । मानव बेचबिखन भन्नासाथ भारतको मुम्बइको कोठीमा लगेर बेचिन्छन् भन्ने मानसिकता राख्नेहरूको संख्या रू अझै पनि धेरै नै छ । धेरै नेपालीहरू कुनै न कुनै रूपमा श्रमको नाममा होस् वा मनोरञ्जन क्षेत्रमा काम गर्ने नाममा होस् कहिं न कहिं बेचबिखनको शिकार बन्न पुगिरहेका छन् । बढ्दो गरिबीसँगै देशमा थपिएका समस्याहरूले झन् यसलाई बढावा दिइरहेको छ । भुकम्प पश्चात् ग्रामिण भेगको अवस्था हेर्ने हो भने शहरका मानिसहरू देख्ने बित्तिकै आफ्ना बालबालिकाहरूलाई काममा लगाउन शहर लैजानु भन्ने अभिभावकहरू प्रशस्तै भेटिन्छन् । अभिभावकहरूले नै गाँउबाट शहरमा काम गर्ने र धेरै पैसा कमाउने आशामा आफ्ना बालबालिकाहरूलाई काममा लगाइरहेका छन् । जसले मानव बेचबिखन तथा ओसारपसारको जोखिमको संभावना उत्तिकै बढीरहेको छ । शहरमा आएपछि बिहान बेलुकाको छाक टार्नको लागि भएपनि कामको अभावमा जोखिमयुक्त वातावरणमा काम गर्न बाध्य हुन्छन् बालबालिका एवं किशोरीहरू । वास्तवमा बालबालिका तथा किशोरीहरूलाई मनोरञ्जन क्षेत्रमा कामको लागि प्रवेश गर्न धेरै सजिलो छ ।

पारिवारिक विखण्डन र कमजोर आर्थिक अवस्थाको कारण धेरै बालबालिकाहरू मनोरञ्जन क्षेत्रमा काम गर्न बाध्य छन् । यदि हेर्ने हो भने अझैसम्म पनि हाम्रो समाजले मनोरञ्जन क्षेत्रलाई पूर्ण रूपमा मर्यादित पेशा बनाउन सकेको छैन । धेरै बालबालिकाहरू काठमाण्डौं लगायत अन्य ठूला र साना शहरी क्षेत्रहरूमा काम गर्ने क्रममा यौन शोषणमा परी अन्ततः वैदेशिक रोजगारीमा पलायन भएको प्रशस्तै भेटिन्छ । मिठो भविष्यको कल्पना गर्दै गाँउबाट शहर हुदै विदेश जाने युवा पुस्ताहरूमा हाल महिलाहरूको संख्या नै धेरै देखिन्छ । गाँउबाट सहज रूपमा काम पाइन्छ भन्ने आश देखाएर किशोरी तथा बालबालिकाहरूलाई ल्याउने मध्यस्थकर्ताहरूको काठमाण्डौंमा ठूलै जमात छ । उमेर, श्रमको ज्ञान, सीप, शिक्षा, पहिचान कुनै पनि कुराले छेक्न नसक्ने मनोरञ्जन क्षेत्रको काममा सजिलैसँगै महिला तथा बालबालिकाहरूले प्रवेश पाउँदछन् । केहि मनोरञ्जन क्षेत्रमा आफ्नै सहकर्मी, ग्राहक र रोजगारदाताको अपशब्द, होच्याँई, गाली बेइज्जती, समयमा तलब नपाउने, र रोजगारदाताले भने अनुसार काम गर्नुपर्ने बाध्यता रहेको यहाँ काम गर्ने किशोरी तथा बालबालिकाहरू बताउँछन् । काठमाण्डौं आइसकेपछि यहाँको शहरी वातावरणमा बस्नुपर्ने बाध्यता, महंगी, गाँउमा पुनः फर्केर गएर बस्न सक्ने अवस्था नहुनु, पारिवारिक असहयोग र कम पारिश्रमिकमा गुजारा गर्नुपर्ने कारणले गर्दा धेरैजसो शहरी क्षेत्रमा काम गर्ने किशोरी तथा बाल बालिकाहरू व्यापारिक यौन व्यवसायमा फसिरहेका छन् । केही बालबालिका तथा किशोरीहरू जो शिक्षित र आर्थिक रूपमा सम्पन्न हुँदाहुँदै पनि सजिलै पैसा कमाउन र बिलासी जिवन बिताउन मनोरञ्जन क्षेत्रको काममा प्रवेश गरिरहेका छन् ।

मनोरञ्जन क्षेत्रमा प्रवेश गरेका किशोरीहरू सजिलैसँग पैसा कमाउन ग्राहकको सम्पर्कमा रही लामो समयसम्म

व्यापारिक यौन व्यवसायमा संलग्न हुने गरेका भेटिन्छन् । पारिवारिक विखण्डन र गरिबीका कारणले गर्दा परिवारले पनि आफ्ना बाल बालिकाहरूले गर्ने गरेको कामप्रति त्यति चासो दिने गरेको पाईदैन ।

मनोरञ्जन क्षेत्रमा संलग्न किशोरी एवं युवतीहरूबाट जन्मिएका बाल बालिकाहरूको पहिचानको सवाल दिन प्रतिदिन बढ्दो छ । अरू घर परिवारले चासो नदिने र उनीहरूले गर्ने मनोरञ्जनको कामलाई स्वीकार नगर्ने कारणले धेरैजसोले श्रीमान् र परिवारको सहयोग नपाइरहेको अवस्था भेटिन्छ । श्रीमान्बाट बहुबिवाह र सम्बन्ध बिच्छेदको समस्या भोग्नुपर्ने कारणले गर्दा यस क्षेत्रमा काम गर्ने श्रमिकको बाल बालिकाहरूको भविष्य झन् बिग्रदो अवस्थामा छ । बाल बालिकाको संरक्षण गर्ने अभिभावकको अभावको कारणले मनोरञ्जन क्षेत्रमा काम गर्ने आमाहरूले बाल बालिकाको स्याहार र लालन पालनको लागि उनीहरूलाई स्वयं आफूसँग काम गर्ने स्थानमा लैजानु पर्ने बाध्यता छ । जहाँ उनीहरूको लागि सुहाउँदो बाल मैत्री वातावरण छैन । त्यस्ता बालबालिकारूहरू शिक्षाबाट समेत बञ्चित भइरहेको अवस्था छ । आउँदा दिनहरूमा यस्तै समस्या बालबालिकाहरूले भोग्दै जाँदा ती बालबालिकाहरू पनि आमाहरूसंगै सोही काममा संलग्न नहोलान् भन्न सकिदैन ।

विभिन्न संघसंस्थाहरूले मनोरञ्जन क्षेत्रमा काम गर्ने बालबालिका तथा किशोरीहरूको हक हितका लागि काम नगरेका भने होइनन् । उनीहरूको केही आधारभूत आवश्यकताहरू पुरा नगरेका पनि हैनन् तापनि केही प्रमुख सवालहरूको समाधान भने जहाँको तहीं रहेको देखिन्छ । मनोरञ्जन क्षेत्रमा बालबालिका एवं किशोरीहरू लक्षित थुप्रै कामहरू भए गरेतापनि शहरी क्षेत्रमा भइरहेको आन्तरिक मानव बेचबिखन र व्यापारिक यौन शोषण न्यूनीकरण भने हुन सकेको देखिन्न ।

नेपालमा मानव बेचबिखन तथा ओसारपसारको ऐन तथा नियमावली भएतापनि राज्यको फित्तलो कार्यान्वयन पक्षको कारणले गर्दा यस्ता समस्याहरू दिन प्रतिदिन मनोरञ्जन क्षेत्र हुदै क्याफे, अपार्टमेन्ट लगायतका ठाँउहरूबाट संचालित हने गरेको विभिन्न स्रोतहरूको दाबी छ । गत वर्षको विनाशकारी भूकम्प र भारतीय नाकाबन्दीका कारणले पनि यो सबाललाई बढावा दिइरहेको केही अधिकारकर्मीहरूको ठम्याई रहेको पाइन्छ । सरकारी निकायबाट हुने विभिन्न कार्यक्रमहरूले यस सवाललाई ध्यान दिएमा र सबै सरोकारवाला सरकारी तथा गैरसरकारी निकायहरूले एकिकृत कार्यक्रम गर्न सकेमा आन्तरिक रूपमा बढिरहेको बेचबिखन र व्यापारिक यौन शोषणलाई केही हदसम्म भएपनि न्यूनिकरण गर्न सकिने कुरामा दुइमत नहोला ।

श्रमजीवि महिलाहरूप्रति डान्स रेष्टुर्‌न्ट, डान्स बार जस्ता कार्यस्थलमा हुने यौन उत्पिडन नियन्त्रण गर्ने सम्बन्धी सर्वोच्च अदालतबाट भएको फैसला र निर्देशिका २०६५ ले मनोरञ्जन क्षेत्रमा कार्यरत श्रमिकहरूको हक हितको लागि केही कानुनी व्यवस्था गरेतापनि अझै पनि यसको प्रभावकारी कार्यान्वयनको लागि सम्बन्धित निकायको चासो बढाउनु जरूरी छ । यस निर्देशिकाले मनोरञ्जन क्षेत्रलाई मर्यादित बनाउनको लागि अनुगमन तथा कार्वाही समितिको व्यवस्था समेत गरेको छ । मानव बेचबिखन तथा ओसारपसार विरूद्धको राष्ट्रिय तथा जिल्ला समितिले मनोरञ्जन क्षेत्रको नाममा भइरहेका व्यापारिक यौन शोषण तथा आन्तरिक रूपमा भइरहेको बेचबिखनलाई अझै चासो दिएर अनुगमन तथा कार्वाही समितिलाई नै सहयोग गरी बढी भन्दा बढी जिम्मेवार बनाउनु जरूरी छ । राज्यको सम्बन्धित निकायबाट मनोरञ्जन क्षेत्रभित्र रहेका समस्याहरूलाई सम्बोधन गर्नु आजको आवश्यकता र चासोको विषय बन्नु पर्दछ । जसले भविष्यका युवा पुस्तालाई सहि मार्ग निर्देशन गर्न सहयोग पुग्दछ ।

(लेखक चेन्ज नेपालको कार्यक्रम संयोजक हुनुहुन्छ ।)

लेख

# स्थिरको जीवनमा आएको भूकम्प



राधिका गिरी

सोंचे जस्तो हुन्न जीवन, सम्झे जस्तो हुन्न जीवन
जस्तो भोग्यो उस्तै हुन्छ, देखे जस्तो हुन्न जीवन...

तारादेवीको स्वरमा सजिएको यो गीत वास्तवमै स्थिरको जीवनसँग कता हो कता मेल खाए जस्तो लाग्छ । धादिङ्ग जिल्लामा २०४५ सालमा जन्मिदा आमाले के सोंचेर हो कुन्नि उनको नाम स्थिर राखीदिनु भयो । ठूली हुँदै जाँदा उनले आफ्नो नामको अर्थ खोज्न थालिन । आमाले यसै भनी टारी दिनुहुन्थ्यो रे, छोरी मान्छे भए पछि चकचक गर्नु हुन्न स्थिर बस्नु पर्छ, ज्ञानी हुनुपर्छ रे आदि इत्यादि । ठूली हुँदै जाँदा आकाशमा चरा उड्दा उनलाई पनि आकाशमा उन्मुक्त भई उड्न मन लाग्थ्यो, घरमा भएका बाख्राका पाठा-पाठीसँग खेल्न मन लाग्थ्यो । न त उनलाई कुनै कुराको चिन्ता थियो न त फिक्री नै, आफ्नै दुनियाँमा रमाई रहेकी थिइन् उनी । तर नियतिलाई भने अर्कै कुरा मञ्जुर थियो शायद । स्थिर भर्खर १३ पुगेकी मात्र के थिइन्, एकदिन छिमेकीको गिद्धे दृष्टिको शिकार बन्न पुगिन् । उनका सारा सपनालाई धुजा-धुजा पारी आफ्नो शरीरको प्यास मेटाई गयो पापीले । उनले आमाले भनेका कुरा सम्झिन्, स्थिर हुनु पर्छ, नभन्दै त्यस पापीको विरुद्ध उनी र उनको परिवार मौन बस्यो, कारण उनीभन्दा त्यस बलात्कारीको परिवार समाजका प्रतिष्ठित वर्ग मध्येको पर्थ्यो । स्थिरको परिवारले चुप लाग्नमै आफ्नो भलाई ठान्यो । गाउँघरमा राम्रो कुरा पो पछि सुनिन्छ त, नराम्रो खबर त आगो सरह फैलिने रहेछ । त्यहीं नै भयो सारा गाउँभरी उनको परिवार र उनी बारे टिका टिप्पणी हुन थाल्यो । आमालाई अब पिरलो हुन थाल्यो - कसले विहे गर्ला, के गर्ने होला भनेर । तर एकदिन अचानक एकजना मान्छे एउटा प्रस्ताव लिई उनको परिवारमा आयो । त्यो के थियो भने "**अब तिमीहरूको छोरीलाई कसले पो विहे गर्छ र, त्यही भएर अलि उमेर जेठो भए पनि राम्रोसँग तिम्रो छोरीलाई पाल्छु"** भन्दै उसले स्थिरको परिवार समक्ष विहेको प्रस्ताव राख्यो । त्यसपछि स्थिरको परिवारले उनीभन्दा झण्डै तेब्बर उमेरको मानिससित उनलाई साथ लगाई पठाएछन् ।

त्यसको केही दिनसम्म केही राम्रो नराम्रो सुन्नु परेन । तर केही समयपछि जसलाई छोरी दिई पठाइएको थियो, त्यो त एकदमै हिंस्रक र पातकी पो निस्किएछ । रातदिन स्थिरलाई पिट्ने, गाली गर्ने, उनीमाथि विगतमा भएको घटनालाई घरी-घरी कोट्याउँदै निको भइसकेको घाउलाई झन् बल्झाएर बसी खान नदिएको कुरा उनकी आमाको कानमा पुग्यो । उनले त्यो सहन सकिनन्, आमाको मन न हो, छोरीलाई फर्काएर ल्याइन् । अब हाम्रो जस्तो समाजमा यो कुरालाई सजिलै स्वीकार्न त गाह्रो कुरा थियो, बलात्कृत, अझ घर बिग्रेर माइतमा बसेकी चेलीलाई कसले पो राम्रो मान्छ र ! मेलापात जाँदा होस् कि पँधेरामा जाँदा होस्, आरोप सुन्दा-सुन्दा स्थिरका कान थाकी सके । उनले अब राजधानी आउने निधो गरिन् र उनी काठमाडौं आइन् । न त पढेको छ, न त उमेर नै परिपक्व छ, के कामको आशा गर्न सकिन्छ र, आखिरमा उनी एउटा होटलमा काम गर्न थालिन् । आफ्नो सुरले काम गर्दै थिइन् र अलि खुशी हुने पनि प्रयास गर्दै थिइन् । यतिकैमा एकजना व्यक्तिसँग उनको चिनजान भयो । बिहे गर्ने मन नहुँदा हुँदै पनि सँगै काम गर्ने दिदीले (मेरो बारेमा उनलाई मैले नै केही जानकारी गराएको थिएँ) भनिन्, काठमाण्डौंमा घर छ, दुःख पाएको मान्छे

हो, तिमीलाई सुखमा राख्छ, बिहे गर । कामको दौरान मलाई धेरै कुरा सिकाउने, सघाउने भएकीले आफ्नै दिदी जस्तो लाग्ने मान्छेले भनी रहँदा उनलाई पनि ठिकै लाग्यो र बिहे गरिन् ।

तर पहिलो गाँसमै ढुंगा लागे जस्तो भयो, जब उसले पहिलो श्रीमती मरेको भनेर ढाँटेको कुरा उसको घर गएपछि मात्र थाहा भयो । वास्तवमा उसको उनी बाहेक दुइवटी श्रीमती रहेछन् । तर पनि उनी विवश भइन् त्यही घरमा बस्न । बिहे गरेको दुई महिनामा नै उनको जीवन नरक भइसकेको थियो । मन नलागी नलागी भए पनि उसँग रात बिताउनु पर्ने श्रीमती भइसकेपछि उनको बाध्यता थियो । त्यस बिचमा उनीबाट दुई छोरा जन्मिए । उसले उनलाई त कहिले पो हेरेको थियो र, उसले बच्चालाई समेत वास्ता गरेन । जसको कारण उनी बाहिर गई काम गर्न बाध्य भइन् । छोराहरूको लालनपालनका लागि एउटा गार्मेन्टमा काम गर्न थालिन् । समय क्रममा छोराहरू ठूला हुदै गए जिम्मेवारी बढ्दै गयो । त्यहाँको कमाइले नपुग्ने भयो । अनि कामको खोजी गर्न थालिन् । त्यसै क्रममा उनले फेरी मार्बल उद्योगमा काम पाइन् । काम गर्दै जाने क्रमममा साहूले उनको घरको अवस्थाबारे थाहा पायो र नजिक भएर कुरा गर्न थाल्यो । २/४ महिना राम्रै भएर उनले काम पनि गरिन् । उता उनको श्रीमान् भने उनलाई घरबाट लखेट्ने र छोराहरू आफूसँग राख्ने सुरमा थिए । श्रीमान्को डरमा दिन बिताइरहेकी उनी जीवनदेखि दिक्दार भइसकेकी थिइन् ।

यस्तैमा एकदिन साहू उनको नजिक आई भन्न थाल्यो, **"तिमी यहाँ नबस, तिम्रो बुढाले तिमीलाई त राख्दै राख्दैन छोराहरूलाई समेत लग्छ, अनि तिमी एक्लै हुन्छेऊ । त्यसैले बेलैमा बुद्धि पुऱ्याऊ, मसँग कास्मीर हिंड, म पुऱ्याइदिन्छु"** । त्यति बेला उनलाई साहू ईश्वर जस्तै लाग्यो र फुरुङ्ग भएर हुन्छ भन्थिन् वा भन्दिन थिइन् कि, त्यति नै बेला अचानक बैशाख १२ गतेको भूकम्प गयो । त्यसपछि उनको जीवनमा नै भूकम्प आए जस्तो भयो, कारण उनको श्रीमान्ले अर्की श्रीमती ल्याई उनीहरूलाई बास्तै नगरी कहाँ गयो, उनलाई केही थाहा नै भएन । देश नै हल्लिरहेको बेला उनी झन् अत्तालिइन् । नाबालका छोरा लिई कहाँ जाउँ, कता जाउँ होस् हाराए जस्तो नै भइन् उनी । यसैको फाइदा उठायो साहूले र भन्न लाग्यो **"मेरो बैंक खातामा भएको ३८ लाख रकम तँलाई नै दिन्छु तिमीहरूको सम्पूर्ण जिम्मा मै लिन्छु, हिंड मसँग" ।** उनलाई पनि नाम मात्रको श्रीमान् भनाउँदासँग दिक्क लागि सकेको थियो र साहूको कुरामा विश्वास लाग्न थाल्यो र हुन्छ भनिन् । भोलिपल्ट उनीहरू (२ छोरा, साहू र उनी) कास्मीरका लागि हिडें । कास्मीर भनेको भारत हो भन्ने कुरा उनलाई हिंडिसक्दा पनि थाहा थिएन, पछि थाहा पाइन् ।

उनीहरू वीरगञ्ज हुँदै कास्मीर जाँदै गर्दा, एक्कासी साहुले "मेरो सानो काम पऱ्यो, तिमीहरू नाका कटेर बस्दै गर, नाकामा कसैले कहाँ जान लागेको भनेर सोध्यो भने मेरो दिदीको घर जान लागेको भन्नु, केही गर्दैन बच्चा देखेपछि", भन्दै उनीहरूलाई छाडेर अन्त कतै गयो । हुन्छ नी भन्दै उनीहरू पनि अगाडि बढे । तर त्यहाँ साहू आउँदै आएन, फोन गर्दा पटक-पटक म आउँछु भन्ने तर आउँदै आएन । तैपनि उनीहरू उ आउने आश गर्दै नेपाल र भारतको सीमानामा पुगे । सीमाना पुग्ने बित्तिकै निगरानीमा खटिएका एउटा संस्थाका कर्मचारीहरूले कहाँ, कोसँग ,किन जाने भनी प्रश्न सोध्न लागे । उनको भनाई अनुसार सुरुमा उनले ढाँट्न खोजिन्, तर पछि, **"कतै तिमीलाई कसैले नजिकै बजार गर्न जाने, आफन्तकोमा जाने आदि भनेर त सिकाएको छैन"** भन्दा त उनी छाँगाबाट खसे जस्तो भइन् । किनभने साहूले सिकाएका कुरा संस्थाका दिदीहरूले दुरुस्तै भनी राखेका थिए । संस्थाका दिदीहरूको मायालु व्यवहार र मलाई भारत लैजानुमा साहूको अर्कै स्वार्थ हुन सक्छ, होइन भने ऊ किन सँगै आएन भन्दा त उनी पनि झसङ्ग भइन् र आफूमाथि भएको सम्पूर्ण घटना क्रमशः भन्न लागिन् ।

संस्थाद्वारा तुरुन्तै उनलाई र उनको बच्चालाई संस्थाको आवधिक गृहमा राखी प्रहरीको सहकार्यमा

नाटकीय ढङ्गबाट फरार दलाललाई समाती कानुनको कटघरामा उभ्याएर मानव बेचबिखनको मुद्दा दर्ता गरिएको छ। यहाँसम्म आइपुग्दा सबै कुरा राम्रो भयो, स्थिर बेचबिखन हुनबाट जोगिइन। नाबालक छोराहरू ठूलो दुर्घटना हुनबाट जोगिए र दलाल पनि कानुनको फन्दामा पऱ्यो। उनी भन्छिन्, "यदि म के आई नेपालको सम्पर्कमा नआएको भए, थाहा छैन म र मेरा नाबालक छोराहरू कुन नर्कमा हुन्थ्यौं", तर अब अर्को समस्या के देखियो भने, अब स्थिर कहाँ जाने? के गर्ने? नाबालक छोराहरूको भविष्य के हुने ? संस्थाको संरक्षणमा कति दिन बस्ने ? संस्थाले कति सम्म गर्ने ? श्रीमान्ले पहिला त हेर्थेन, अब झन् उसले हेर्ने कुरै थिएन। स्थिरको भनाई अनुसार उनलाई अब उनकै आफ्नै श्रीमान् र दलाल दुवै तर्फबाट ज्यानको खतरा छ। तर अब उनलाई त्यत्तिकै छोड्नु पनि भएन। तसर्थ उनी र उनका छोराहरूको लागि संस्थाले उनको श्रीमानसँग कुरा गर्ने निधो गऱ्यो, किनभने बच्चाहरूको लागि भए पनि परिवारलाई मिलाउन जरुरी देखियो।

संस्थाको पहलमा उनको श्रीमान्सँगको लामो छलफल पश्चात्, उनको श्रीमान्ले छोराहरूलाई लाने तर श्रीमतीसँग कुनै सरोकार नराख्ने भन्ने कुरा गरे। तर **"आजको यो घटना घट्नुको मुख्य कारण तिमी (उनको श्रीमान्) हौ, कारण तिमीले आफ्नो परिवारलाई गर्नुपर्ने जिम्मेवारी राम्रोसँग निभाएको भए आज यो समस्या नै उब्जिने थिएन"** भनी सबै जनाले सम्झाई-बुझाई गरेपछि उनले श्रीमती पनि सँगै लैजान माने। तर पनि भनाई छ नि, एकचोटी भाँचिएको मन कहाँ त्यति सजिलै जोडिन्छ र ? अहिले स्थिर र उनको श्रीमान्को हकमा पनि त्यहीं भएको छ। बस्न त एउटै घरको छानामुनि बसेका छन्, तर पराई झैं व्यवहार गर्छन्। स्थिरले ६ महिने सिलाई-कटाई तालिम सिकेकी छन्। सानो भए पनि आफ्नै सिलाई पसल संचालन गरी सम्मानित जीवन जिउने उनको ईच्छा छ। तर उनको जीवनमा घटेका घटनाले के उनलाई त्यो जीवन जिउन सजिलै देला र ? उनको पसल संचालन गर्ने जुन ईच्छा छ, त्यो के यो अवस्थामा सम्भव छ र ? यिनै यावत प्रश्नहरूको जवाफ न स्थिर सँग छ, न हामी सँग नै। यो त एउटा प्रतिनिधि घटना मात्र हो, यस्ता थुप्रै घटनाहरू दिनानुदिन हाम्रो समाजमा घटिरहेका छन्। कति बाहिर आउँछन् त कति बिलाएर जान्छन्।

फेरि माथिका गीतका पङ्क्तिहरूको सम्झना आउँछ, **"सोचे जस्तो हुन्न जीवन..."**

लेखक के.आई. नेपालमा कार्यक्रम संयोजक हुनुहुन्छ।



# नवज्योति महिला केन्द्र




## संस्था परिचय

आफ्नो समुदायमा गएर विकासको काममा अगुवा बन्न सक्ने सक्षम ग्रामीण महिलाहरूलाई तयार पार्नका लागि नवज्योति महिला केन्द्रले ६ महिने तालिमको आयोजना गर्दछ । यस तालिम कार्यक्रमको मुख्य उद्देश्य भनेकै महिलाहरूलाई सशक्तिकरण गराउनु हो । केन्द्रको यस प्रयासबाट ग्रामीण क्षेत्रमा सशक्त महिला अगुवाहरू तयार हुँदै आइरहेका छन् जसले अरूलक्षित ग्रामिण क्षेत्रहरूमा महिलाहरूलाई संगठित गरी अरू सशक्त महिला समुहहरू खडा गरी शोषण र हिंसा प्रभावित महिलाहरूको चौतर्फी विकासका कामहरू गर्दै आइरहेका छन् ।

## तालिमको उद्धेश्य

ग्रामीण अगुवा महिलाहरूको व्यक्तिगत क्षमता र स्रोतको विकास गर्ने ६ महिने तालिमको मुख्य उद्देश्य हो, जसको कारणले अगुवा महिलाहरू नै समुदायका सबै भन्दा तल्लो तहका महिलाहरू सँग मिली उनीहरूको उत्थानको निम्ति काम गर्दछन् । यस ६ महिने तालिमले निम्न उपलब्धी हासिल गर्ने लक्ष्य राखेको छ :-

समुदायको सबैभन्दा तल्लो तहको सफल अगुवा बन्नको निम्ति चाहिने आधारभूत सीप, ज्ञान र चाहनाको अभिवृद्धि गर्ने र सो का लागि स्थानीय महिलाहरूलाई सुसूचित गर्ने ।

महिलाहरूलाई समाजमा दबाएर तल राख्ने विभिन्न सामाजिक, आर्थिक तथा साँस्कृतिक तत्वहरूको पहिचान गरी प्रशिक्षार्थीहरूलाई अवगत गराउने ।

समुहमा बस्दा आपसी छलफल र आदान-प्रदानको प्रतिकृयाद्वारा सहभागिहरूको व्यक्तिगत विकास गर्दै उनीहरूको व्यक्तिगत क्षमता र स्वविकासको सम्भावना बुझाइदिने ।

सहभागिहरूलाई उनीहरूको भूमिका प्रति सचेत गराउँदै राष्ट्रको विकासमा महिलाहरूको भूमिका प्रति सचेत गराउने ।

## नवज्योति मेन्डले निम्न विषयहरुमा तालिम दिन्छ

- सीपमूलक तालिम
- सिलाई बुनाई
- फेब्रिक पेन्टिङ
- बुट्टा भराई
- बेसिक कम्प्यूटर कोर्ष
- कुकिङ

छात्राबास संस्थाको आवासीय कार्यक्रम हो । यहाँ सबै प्रशिक्षार्थीहरूलाई बस्ने, पकाउने र सुत्ने प्रबन्ध छ ।

## तालिमको रुपरेखा

१. प्राथमिक स्वास्थ्य एवं प्राथमिक उपचार
२. प्रौढ शिक्षा
३. नेपाली महिलाहरूका स्थानीय समस्याहरू
४. उत्प्रेरणाद्वारा समुदाय विकास
५. समूह गठन
६. सामाजिक विश्लेषण

## प्रकाशमा ल्याउने खुला अनुभवहरु

उल्लिखित विषयहरूको नियमित कक्षा संचालन बाहेक विभिन्न महिला संस्थाहरूमा फिल्ड भिजिट गराउने, काठमाण्डौ उपत्याका भित्र महिलाहरूको उत्थानको निम्ति संचालन गरिएका अन्य कार्यक्रमहरू, सभा बैठकहरू र कार्यसालाहरूमा उनीहरूलाई सहभागी बनाउने व्यवस्था छ । महिलाहरूको सम्बन्धित कार्यक्षेत्रहरू तथा ग्रामीण क्षेत्रहरूमा त्यहाँको सामाजिक अध्ययन् र विश्लेषण गराउने दुइहप्ते निर्देशित भ्रमण एवं तालिम कार्यक्रमको पनि व्यवस्था गरिन्छ ।

## तालिमको लागि आवश्यक शर्तहरु

प्रशिक्षार्थीहरूलाई निम्न शर्त अनुसार मात्र सहभागिताका लागि स्वीकार गरिन्छ :

१. आफ्नो समुदायको निरन्तर सेवा गर्ने दृढ संकल्प भएको ।
२. अगुवाई गर्ने गुण भएको र परिपक्व उमेर भएको ।
३. आफ्नै समुदायले छानेर त्यस क्षेत्रमा कार्यरत् एनजिओबाट सहयोग प्राप्त उमेदवार भएको ।
४. नेपाली भाषा राम्ररी लेखपढ गर्न र साधारण हिसाब गर्न सक्ने ।
५. उमेर २४ वर्ष जतिको सकेसम्म विवाहित महिला ।

# कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१

*प्रमाणिकरण मिति : २०७१/०८/०५*

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८३ बमोजिम व्यवस्थापिका संसदको हैसियतमा संविधान सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्व साधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहारलाई निवारण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावना :** सुरक्षित, स्वच्छ तथा मर्यादित वातावरणमा काम गर्न पाउने प्रत्येक व्यक्तिको अधिकारलाई सुनिश्चित गर्दै कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहारलाई निवारण गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८३ बमोजिम व्यवस्थापिका-संसदको हैसियतमा संविधान सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

अ) यस ऐनको नाम “कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१” रहेको छ ।

आ) यो ऐन प्रमाणीकरण भएको मितिबाट एकानब्बेऔं दिनदेखि प्रारम्भ हुनेछ ।

**२. परिभाषा :**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा

अ) “उजूरी सुन्ने अधिकारी” भन्नाले दफा १४ बमोजिमको अधिकारी सम्झनु पर्छ ।

आ) “कर्मचारी” भन्नाले कार्यस्थलमा कार्यरत कर्मचारी वा कामदार सम्झनु पर्छ ।

इ) “कार्यस्थल” भन्नाले देहायका निकाय, संस्था वा फर्म सम्झनु पर्छ र सो शब्दले त्यस्तो निकाय, संस्था वा फर्मको कार्य सम्पादनको क्रममा प्रयोग हुने स्थल समेतलाई जनाउँछः-

**सरकारी निकाय,**

- नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संगठित संस्था,
- प्रचलित कानून बमोजिम स्थापना भएको निकाय वा संगठित संस्था,
- कुनै व्यवसाय, कारोबार वा सेवा प्रदान गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम अनुमति प्राप्त गरेको वा दर्ता भएको फर्म, निकाय वा संगठित संस्था ।

ई) “यौनजन्य दुर्व्यवहार” भन्नाले दफा ४ बमोजिमको कुनै कार्य सम्झनु पर्छ ।

उ) “व्यवस्थापक” भन्नाले कुनै कार्यस्थलको प्रशासनिक वा व्यावसायिक काम कारबाहीको सम्बन्धमा अन्तिम निर्णय गर्न अधिकार प्राप्त व्यक्ति वा सो प्रयोजनको लागि प्रत्यायोजित अधिकार प्रयोग गर्ने अधिकारी सम्झनु पर्छ र सो शब्दले त्यस्तो कार्यस्थलको अन्यत्र शाखा तथा इकाई रहेको भए त्यस्तो शाखा वा इकाईको प्रमुख समेतलाई जनाउँछ ।

ऊ) “सेवाग्राही” भन्नाले कुनै किसिमको सेवा प्राप्त गर्ने उद्देश्यले कार्यस्थलमा उपस्थित व्यक्ति सम्झनु पर्छ र सो शब्दले निजको साथमा कार्यस्थलमा आउने व्यक्ति समेतलाई जनाउँछ ।

**३. यौनजन्य दुर्व्यवहार गर्न वा गराउन नहुने:**

कसैले पनि कार्यस्थलमा यौनजन्य दुर्व्यवहार गर्न वा गराउनु हुँदैन ।

**४. यौनजन्य दुर्व्यवहार गरेको मानिने :**

अ) कसैले आफ्नो पद, शक्ति वा अधिकारको दुरुपयोग गरी, कुनै किसिमको दबाव, प्रभाव वा प्रलोभनमा पारी वा हतोत्साहित गरी कुनै कर्मचारी वा सेवा ग्राहीलाई कार्यस्थलमा देहायका कुनै कार्य गरे वा गराएमा यौनजन्य

दुर्व्यवहार गरेको मानिनेछ :-

(क) यौनजन्य आशयले शरीरको कुनै अङ्गमा छोएमा वा छुने प्रयास गरेमा,

(ख) अश्लिल तथा यौनजन्य क्रियाकलापसँग सम्बन्धित शब्द, चित्र, पत्रपत्रिका, श्रव्य, दृश्य, अन्य सूचना प्रविधि, साधन, वस्तु वा सामग्री प्रयोग वा प्रदर्शन गरेमा,

(ग) लेखेर, बोलेर वा इशाराले अश्लील तथा यौनजन्य आशय प्रदर्शन वा प्रकट गरेमा,

(घ) यौनजन्य क्रियाकलापको लागि प्रस्ताव गरेमा,

(ङ) यौनजन्य आशयले जिस्काएमा वा हैरानी दिएमा

आ) उपदफा (१) को खण्ड (क), (ख) वा (ग) मा जुनसुकै कुरा लेखिएको भएतापनि शैक्षिक, सूचनामूलक, अनुसन्धानमूलक, उपचार वा बचाउको सिलसिलामा गरिएको कुनै पनि काम कारबाहीलाई यौनजन्य दुर्व्यवहार गरेको मानिने छैन ।

**५. व्यवस्थापकको दायित्व :**

अ) व्यवस्थापकले कार्यस्थलमा यौनजन्य दुर्व्यवहार हुन नदिन वा निवारण गर्नको लागि देहायका कार्यहरू गर्नु पर्नेछ :

(क) कर्मचारीको सेवा, शर्त सम्बन्धी कानुनमा यौनजन्य दुर्व्यवहार निवारण सम्बन्धी आवश्यक व्यवस्था गर्ने,

(ख) यौनजन्य दुर्व्यवहार हुन नदिन कर्मचारी तथा सेवा ग्राहीलाई सजग गराउने,

(ग) यौनजन्य दुर्व्यवहार दोहोरिन नदिन आवश्यक सुधारात्मक उपायहरू अवलम्बन गर्ने,

(घ) पिडितलाई आवश्यकता अनुसार मनोविमर्श सेवा उपलब्ध गराउने,

(ङ) कार्यस्थलमा गुनासो पेटिका राख्ने ।

आ) व्यवस्थापकले यौनजन्य दुर्व्यवहार विरुद्ध उजूरी गर्ने अवधि, कार्यविधि तथा उजूरी सुन्ने अधिकारीको सम्बन्धमा पीडितलाई स्पष्ट रुपमा जानकारी गराउनु पर्नेछ ।

**६. गुनासोको सुनुवाई :**

अ) कसैले कुनै कर्मचारी वा सेवाग्राहीलाई कार्यस्थलमा कुनै प्रकारको यौनजन्य दुर्व्यवहार गरेमा सोबाट पीडित कर्मचारी, सेवाग्राही वा निजका तर्फबाट जोसुकैले त्यस्तो व्यक्ति उपर व्यवस्थापक समक्ष पन्ध्र दिनभित्र लिखित वा मौखिक रुपमा गुनासो गर्न सक्नेछ ।

आ) उपदफा (१) बमोजिम छानविन गर्दा आरोपित व्यक्तिले गुनासो गर्ने कर्मचारी वा सेवाग्राहीलाई यौनजन्य दुर्व्यवहार गरेको देखिएमा व्यवस्थापकले देहायको कुनै वा सबै कार्य गर्न वा गराउन लगाउन सक्नेछ :-

(क) दुवै पक्ष मञ्जुर भएमा पीडित र आरोपित व्यक्तिबीच मेलमिलाप गराइदिन,

(ख) आरोपित व्यक्तिलाई पीडितसँग माफी मगाउन,

(ग) आरोपित व्यक्तिलाई त्यस्तो काम पुनः नगर्न सचेत गराउन,

(घ) आरोपित व्यक्तिबाट पीडितलाई मनासिब क्षतिपूर्ति भराइदिन,

(ङ) आरोपित व्यक्तिलाई सेवा शर्त सम्बन्धी कानून बमोजिम विभागीय कारबाही गर्न ।

इ) व्यवस्थापकले उपदफा (१) बमोजिम गरिएको गुनासोको टुङ्गो गुनासो गरेको मितिले पन्ध्र दिनभित्र लगाउनु पर्नेछ ।

**७. उजूरी दिन सक्ने :**

अ) दफा ६ मा जुनसुकै कुरा लेखिएको भए तापनि कसैले कुनै कर्मचारी वा सेवाग्राहीलाई कार्यस्थलमा कुनै प्रकारको यौनजन्य दुर्व्यवहार गरेमा सोबाट पीडित कर्मचारी, सेवाग्राही वा

निजका तर्फबाट जोसुकैले त्यस्तो व्यक्ति उपर यौनजन्य दुर्व्यवहार भए गरेको मितिले नब्बे दिनभित्र प्रमाण सहित उजूरी सुन्ने अधिकारी समक्ष उजूरी दिन सक्नेछ ।

आ) कुनै व्यवस्थापकले दफा ६ बमोजिम गरेको गुनासो निर्धारित अवधिभित्र टुङ्गो नलगाएमा त्यस्तो अवधि समाप्त भएको मितिले र सो दफा बमोजिम व्यवस्थापकले गरेको निर्णय उपर कुनै पक्षले चित्त नबुझाएमा त्यस्तो निर्णय भएको मितिले सत्तरी दिनभित्र पीडित कर्मचारी, सेवाग्राही वा निजका तर्फबाट जोसुकै वा आरोपित व्यक्तिले उजूरी सुन्ने अधिकारी समक्ष उजूरी दिन सक्नेछ ।

इ) कुनै व्यवस्थापकले यस ऐन बमोजिमको दायित्व वा अन्य व्यवस्था पालना नगरेमा वा दफा ९ वा ११ बमोजिम उजूरी सुन्ने अधिकारी वा निरीक्षण वा अनुगमन गराउने निकायले दिएको निर्देशनको पालना नगरेमा सरोकारवाला व्यक्तिले उजूरी सुन्ने अधिकारी समक्ष उजूरी दिन सक्नेछ ।

**८. मिलापत्र गर्न सक्ने :**

अ) यौनजन्य दुर्व्यवहारबाट पीडित र आरोपित दुवै पक्षले चाहेमा मिलापत्रको लागि उजूरी सुन्ने अधिकारी समक्ष संयुक्त निवेदन दिन सक्नेछन् ।

आ) उपदफा (१) बमोजिम मिलापत्रको लागि संयुक्त निवेदन परेमा उजूरी सुन्ने अधिकारीले सो सम्बन्धमा पक्षहरूसँग आवश्यक परामर्श गरी मिलापत्र गराईदिनु पर्नेछ ।

इ) उपदफा (२) बमोजिम मिलापत्र गर्दा कुनै प्रकारको दस्तुर लाग्ने छैन ।

**९. उजूरीकर्ताको संरक्षण:**

अ) यस ऐन बमोजिम उजूरी गरेको कारणले मात्र व्यवस्थापकले कुनै कर्मचारीलाई सेवाबाट हटाउन, अन्य विभागीय कारबाही गर्न वा निजको सरुवा, बढुवा लगायतका वृत्ति विकासमा असर पर्ने गरी कुनै किसिमको कारबाही गर्न पाउने छैन ।

इ व्यवस्थापकले उपदफा (१) विपरीत कुनै कर्मचारी उपर कुनै किसिमको कारबाही गरेमा त्यस्तो कर्मचारीले सो व्यहोरा खुलाई उजूरी सुन्ने अधिकारी समक्ष निवेदन दिन सक्नेछ ।

ई) उपदफा (२) बमोजिम परेको निवेदन छानविन गर्दा निवेदनको व्यहोरा मनासिव देखेमा उजूरी सुन्ने अधिकारीले त्यस्तो निर्णय बदर गर्न वा सच्याउन सम्बन्धित व्यवस्थापकलाई आदेश दिनेछ ।

उ) उपदफा (३) बमोजिम उजूरी सुन्ने अधिकारीबाट आदेश भएमा सम्बन्धित व्यवस्थापकले पुनरावेदन गर्ने म्याद नाघेको वा पुनरावेदन परेकोमा सो उपर निर्णय भएको पन्ध्र दिनभित्र त्यस्तो आदेश कार्यान्वयन गर्नु पर्नेछ ।

ऊ) यस ऐन बमोजिम उजूरी गरेको कारणबाट कुनै कर्मचारीले कार्यस्थलमा कुनै किसिमको असुरक्षा महसुस गरेमा त्यस्तो कर्मचारीले सुरक्षाको लागि व्यवस्थापक समक्ष निवेदन दिन सक्नेछ ।

ऋ) उपदफा (५) बमोजिम कुनै निवेदन प्राप्त भएमा व्यवस्थापकले त्यस्तो कर्मचारीलाई कार्यस्थलमा सुरक्षाको उचित व्यवस्था गर्नु पर्नेछ ।

ए) व्यवस्थापकबाट उपदफा (५) बमोजिम निवेदन दिने कर्मचारीलाई सुरक्षाको व्यवस्था नभएमा वा व्यवस्थापक आफै आरोपित पक्ष भएमा त्यस्तो कर्मचारीले स्थानीय सुरक्षा निकाय समक्ष सुरक्षाको माग गर्न सक्नेछ र त्यसरी सुरक्षा माग भएमा सुरक्षा निकायले समेत निजको सुरक्षाको प्रबन्ध मिलाउनु पर्नेछ ।

ऐ) यौनजन्य दुर्व्यवहार गरेको प्रमाणित भएको कुनै कर्मचारीलाई सो कार्यालयमा राखिरहन उपयुक्त नदेखिएमा व्यवस्थापकले त्यस्तो कर्मचारीलाई आफैंले सरुवा गर्न सक्नेमा आफैले अन्यत्र सरुवा गर्नँ पर्नेछ र अन्य अधिकारी वा निकायबाट सरुवा गर्नँ पर्ने भएमा सरुवाको लागि त्यस्तो अधिकारी वा निकायमा लेखी पठाउनु पर्नेछ ।

ओ) निरीक्षण तथा अनुगमन गर्न गराउन सक्ने : व्यवस्थापकले यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम तथा आचार संहितामा उल्लेखित दायित्व तथा अन्य व्यवस्थाको पालना गरे नगरेको सम्बन्धमा राष्ट्रिय महिला आयोग वा व्यवस्थापक कार्यरत रहे भन्दा माथिल्लो तहको निकायले कार्यस्थलको निरीक्षण तथा अनुगमन गर्न वा गराउन सक्नेछ ।

**११) प्रतिवेदन पेश गर्नु पर्ने :**

अ) दफा १० बमोजिम निरीक्षण तथा अनुगमन गर्न खटिएको व्यक्तिले निरीक्षण तथा अनुगमनको कार्य समाप्त भएपछि देहायका कुराहरू खुलाई सम्बन्धित निकाय समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ :

(क) सम्बन्धित व्यवस्थापकले पूरा गरे वा नगरेको दायित्व वा अन्य व्यवस्था,

(ख) सम्बन्धित व्यवस्थापकलाई दायित्व वा अन्य व्यवस्था पूरा गर्न ध्यानाकर्षण गराइएको विषय, र

(ग) अन्य आवश्यक कुराहरू ।

आ) उपदफा (१) बमोजिम प्राप्त भएको प्रतिवेदन जाँचबुझ गर्दा कुनै व्यवस्थापकले यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम तथा आचार संहितामा उल्लेखित दायित्व वा अन्य व्यवस्था पालना गरेको नदेखिएमा निरीक्षण तथा अनुगमन गर्ने गराउने निकायले सम्बन्धित व्यवस्थापकलाई त्यस्तो दायित्व वा व्यवस्था पालना गर्न निर्देशन दिनु पर्नेछ ।

इ) उपदफा (२) बमोजिम दिइएको निर्देशनको पालना गर्नु सम्बन्धित व्यवस्थापकको कर्तव्य हुनेछ ।

ई) उपदफा (१) बमोजिम प्राप्त प्रतिवेदनमा उल्लेखित विषयका सम्बन्धमा कुनै निकायबाट नीतिगत निर्णय गर्नु पर्ने देखिएमा निरीक्षण तथा अनुगमन गर्ने गराउने निकायले आवश्यक नीतिगत निर्णयको लागि सम्बन्धित निकाय समक्ष लेखी पठाउनु पर्नेछ । तर त्यस्तो नीतिगत निर्णय आफैले गर्नु पर्ने विषय भएमा निर्णयको लागि आवश्यक कारबाही प्रारम्भ गर्नु पर्नेछ ।

**१२) सजाय :**

अ) कसैले कुनै कर्मचारी वा सेवाग्राहीलाई यौनजन्य दुर्व्यवहार गरेको ठहरेमा निजलाई कसूरको प्रकृति हेरी छ महिनासम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

आ) कुनै व्यवस्थापकले यस ऐन बमोजिमको दायित्व वा अन्य व्यवस्था पालना नगरेको ठहरेमा निजलाई पच्चीस हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।

इ) दफा ९ वा ११ बमोजिम उजूरी सुन्ने अधिकारी वा निरीक्षण वा अनुगमन गर्ने गराउने निकायले दिएको निर्देशन कुनै व्यवस्थापकले पालना नगरेमा निजलाई पच्चीस हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।

ई) यस दफा बमोजिम सजाय पाएको व्यक्तिले त्यस्तो सजाय हुने कार्य पुनः गरेमा निजलाई पटकै पिच्छे दोब्बर सजाय हुनेछ ।

उ) कसैले यस ऐन बमोजिम जानी जानी झुट्टा उजूरी दिएको ठहरेमा निजलाई दश हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।

ऊ) यस दफा बमोजिम कुनै कर्मचारी वा व्यक्तिले सजाय पाएमा उजूरी सुन्ने अधिकारीले त्यसको जानकारी सम्बन्धित निकायलाई गराउनु पर्नेछ ।

**१३. क्षतिपूर्ति तथा रकम भराई दिनु पर्ने :**

यस ऐन बमोजिम परेको उजूरी छानविन गर्दा आरोपित व्यक्तिले यौनजन्य दुर्व्यवहार गरेको ठहरिएमा उजूरी सुन्ने अधिकारीले त्यस्तो व्यक्तिलाई दफा १२ बमोजिम सजाँय गरी निजबाट पीडितलाई देहाय बमोजिमको क्षतिपूर्ति वा रकम भराई दिनु पर्नेछ :-

(क) शारीरिक वा मानसिक रुपमा कुनै क्षति पुग्न गएको भए त्यस्तो क्षति बापत मनासिव माफिकको क्षतिपूर्ति,

(ख) उजूरी गर्दा वा उजूरीको प्रतिरक्षा गर्दा लागेको वास्तविक खर्च ।

**१४. उजूरी सुन्ने अधिकारी :**

अ) यस ऐन बमोजिमको उजूरीको शुरु कारबाही र किनारा गर्ने अधिकार सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीलाई हुनेछ ।

आ) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि प्रमुख जिल्ला अधिकारी विरुद्धको उजूरीको कारबाही र किनारा गर्ने अधिकार सम्बन्धित क्षेत्रको क्षेत्रीय प्रशासकलाई हुनेछ ।

**१५. उजूरी सुनुवाई सम्बन्धी कार्यविधि :**

अ) उजूरी सुन्ने अधिकारीले दफा ७ बमोजिम पर्न आएको उजूरीको कारबाही र किनारा गर्दा संक्षिप्त कार्यविधि ऐन, २०२८ बमोजिमको कार्यविधि अपनाउनु पर्नेछ ।

आ) पीडितले लिखित रुपमा अनुरोध गरेमा उजूरी सुन्ने अधिकारीले उजूरीको सुनुवाई बन्द इजलासमा गर्नु पर्नेछ ।

**१६. पुनरावेदन :**

यस ऐन बमोजिम उजूरी सुन्ने अधिकारीले गरेको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो निर्णय भएको मितिले पैंतीस दिनभित्र सम्बन्धित पुनरावेदन अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

**१७. फैसला वा मिलापत्रको कार्यान्वयन :**

अ) यस ऐन बमोजिम भएको फैसला वा मिलापत्रको कार्यान्वयन गर्ने दायित्व सम्बन्धित व्यवस्थापकको हुनेछ ।

आ) व्यवस्थापकले उपदफा (१) बमोजिम फैसला वा मिलापत्रको कार्यान्वयन नगरेमा सम्बन्धित उजूरीकर्ताले सोही व्यहोरा खुलाई उजूरी सुन्ने अधिकारी समक्ष निवेदन दिन सक्नेछ ।

इ) उपदफा (२) बमोजिम निवेदन पर्न आएमा उजूरी सुन्ने अधिकारीले प्रचलित कानून बमोजिम त्यस्तो फैसला वा मिलापत्रको कार्यान्वयन गराईदिनु पर्नेछ ।

ई उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि आरोपित व्यक्ति व्यवस्थापक भएमा उजूरी सुन्ने अधिकारी आफैंले साठी दिनभित्र फैसला वा मिलापत्रको कार्यान्वयन गर्नेछ ।

**१८. तालीमको पाठ्यक्रममा समावेश गर्ने :**

तालीम दिने प्रत्येक निकायले यौनजन्य दुर्व्यवहार र सोको निवारण सम्बन्धी विषयलाई तालीमको पाठ्यक्रममा समावेश गर्नु पर्नेछ ।

**१९. प्रचलित कानून बमोजिम मुद्दा चलाउन बाधा नपर्ने :**

यस ऐन बमोजिम कसूर मानिने कुनै काम कारबाहीमा अन्य प्रचलित कानून बमोजिम पनि सजाय हुने रहेछ भने त्यस्तो कानून बमोजिम मुद्दा चलाउन तथा कारबाही गर्न यस ऐनले बाधा पुऱ्याएको मानिने छैन ।

**२०. प्रचलित कानून बमोजिम हुने :**

यस ऐनमा लेखिए जति कुरामा यसै ऐन बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ ।

**२१. आचारण संहिता बनाउन सक्ने :**

अ) यौनजन्य दुर्व्यवहारको निवारण गर्ने सम्बन्धमा नेपाल सरकारले आवश्यक आचार संहिता बनाई लागू गर्नेछ ।

आ) उपदफा (१) बमोजिम बनाइएको आचार संहिताको अधीनमा रही प्रत्येक व्यवस्थापकले कार्यस्थलको प्रकृति अनुसार छुट्टै आचार संहिता बनाई लागू गर्नु पर्नेछ ।

इ) उपदफा (१) तथा (२) बमोजिम बनाइएको आचार संहिताको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

**२२. नियम बनाउने अधिकार :**

यस ऐनको कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियम बनाउन सक्नेछ ।

..................

सभामुख

व्यवस्थापिका-संसद

# मानव बेचखिन विरूद्धको अभियानमा संरक्षणको सवाल



*भगवती नेपाल*

## बिषय प्रवेश

मानव बेचबिखन अन्तर्राष्ट्रिय संगठित अपराध हो । विश्व परिवेशमा मानव बेचबिखन तथा ओसारपसार समयको परिवर्तन संगसगै नयाँ नयाँ स्वरूप र आयाम सहित जटिल बन्दै गइरहेको छ ।

मानव बेचबिखन विरूद्धका अभियानहरू पनि त्यतिकै मात्रामा चलिरहेका छन् । सरकारले दास-दासी किनबेच निषेध गर्ने देखि मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण ऐन २०६४ र त्यो भन्दा पछि नियमावली, निर्देशिका, कार्ययोजना बनाएर कार्यान्वयनमा ल्याएको छ । यिनै ऐन कानुन र योजनाको पृष्ठभूमिमा रहेर आन्तरिक र बाह्य बेचविखन विरूद्धका अभियानहरू सञ्चालन भई रहेका छन् । यी नै अभियान भित्र संरक्षणको सवाल यहाँनिर उठान गर्ने जमर्को गरिएको छ ।

संरक्षण भन्ने शब्द नै यति वजनदार र फराकिलो छ की यसलाई कहाँ र कुन सन्दर्भमा खोज्ने र प्रयोग गर्ने भन्ने कुराले मात्रै यसको अस्थित्व र महत्व राख्दछ । मानव बेचबिखन विरूद्धको अभियान (बिषेश गरी महिला र बालबालिकाको) मा रोकथाम, उद्धार, पुनःएकिकरण र कानुनी न्यायको प्रकृया गरी चार भागमा राखेर अध्ययन् र कार्यान्वयन गर्न जरूरी हुन्छ । त्यसमा पनि मानव अधिकारको संरक्षण की संरक्षणको अधिकारको सुनिश्चितता गर्ने भन्ने शब्द उस्तै उस्तै लाग्ने दुईवटा बिषयहरू हुन । यसमा स्पष्ट भएर योजना तयारी र अभियान सञ्चालन आजको आवश्कता हो ।

## रोकथाम :

मानव बेचबिखन रोकथामको लागि विभिन्न अभियानहरू सञ्चालन गर्दा बालबालिकको सर्वोत्तम हित र महिलाहरूको आवागमनको अधिकारको संरक्षण र सुनिश्चितता गरिनु पर्दछ । विशेषतः बालअधिकार महासन्धिको संरक्षणको अधिकार अन्तर्गत दुर्व्यवहार, हेला, झैं-झगडाबाट संरक्षित हुन पाउनु बालबालिकाहरूको अधिकार हो र वयष्क र राज्यको त्यो दायित्व हो भन्ने बिषय सचेतना अभियानको बिषय बस्तु बनाउन आज जरूरी छ । जसले गर्दा घरबाट बालबालिका बाहिरिने र अपराधीको जालबाट जोगाउन धेरै मद्धत पुग्दछ । त्यसैगरी बालबालिका सम्बन्धी ऐन २०४८ को दफा ३ को बालबालिकाको नाम राख्ने जन्म मिती कायम गर्ने अधिकार पनि बाल संरक्षणको एउटा पाटो हो । तर हाम्रो परिवेशमा विभिन्न बहानामा कति बालबालिकाको जन्मदर्ता नगरिदिने र राज्यबाट पाउने सुविधाबाट बञ्चित गराउने गरिन्छ । जसको कारण बालबालिका ओसारपसार/बेचबिखनको अति जोखिममा रहन्छन् । त्यस कारण उपरोक्त कानुन बिना रोकटोक कार्यान्वयन गर्नु राज्यको दायित्व हो । जसको लागि स्थानीय पञ्जिधिकारीहरूमा यस बारेमा सुसूचित गर्ने र निर्देशित गर्ने कार्य सरकारको तर्फबाट हुन आवश्यक छ ।

## उद्धार

ओसारपसार र बेचबिखन भएको स्थानबाट उद्धार गर्नु मानिसको सम्मान पूर्वक बाँच्न पाउने अधिकारको सम्मान र संरक्षण हो । उद्धार गर्दा बालबालिका भएमा उनीहरूको उच्चतम हितको लागि सबैलाई उद्धार गरिनु पर्दछ । वयस्कलाई उद्धार गर्दा उनीहरूको इच्छा र अनुमतिलाई ख्याल गर्नु भनेको रोजगारी रोज्न पाउने अधिकारको सम्मान र संरक्षण गर्नु हो भन्ने भुल्नै नहुने बिषय हो । तर कहिले काहिँ बालबालिकाको

पनि इच्छा हेरिने गरेको र कहिले काहिँ महिलालाई पनि इच्छा अभिव्यक्त गर्न पनि नदिएको पाइन्छ। यी दुवै घटना संरक्षणको अधिकार विपरित हुन । त्यसैले यस कार्यमा संलग्न हुने सबै व्यक्तिहरू संरक्षणको सन्दर्भमा सुसुचित र सचेत हुन जरूरी छ । त्यसै गरी श्रम सम्झौता पनि धेरै वास्ता गरिँदैन । यदि कामदार र रोजगारदाता बिच सम्झौता छ भने उद्धार पछिको कानुनी प्रकृयामा सहज हुन्छ। क्षतिपूर्ति पाउने अधिकारको संरक्षण गर्न सकिन्छ ।

**पुनः एकिकरण /पारिवारिक पुनर्मिलन**

हामीले शब्द चयन (पुनः एकिकरण, पारिवारिक पुनर्मिलन, सामाजिकीकरण) मध्ये जुनसुकै प्रयोग गरेता पनि गर्दै आएको काममा तात्विक भिन्नता देखिँदैन । यस प्रकृयामा दलाललाई कार्वाही नचलाएका र परिवार सम्पन्न रहेछ भने खासै नकारात्मक असर परेको देखिँदैन । तर जसले कानुनी न्यायको लागि न्यायलयको ढोका ढकढक्याउन पुगेका हुन्छन् र जसको पारिवारिक तथा सामाजिक अवस्था कमजोर भएका र पारिवारिक वा सामाजिक रूपमा बहिष्करणमा परेका हुन्छन् उनीहरूको गाँस, बास, शिक्षा, स्वास्थ्य, रोजगारी र सुरक्षाको आवश्कता पर्दछ । तर हालसम्म गरिएका पुनः एकिकरण अर्थपूर्ण हुन सकेको देखिँदैन । पुनः एकिकरण प्रभावितहरू कुनै न कुनै रूपमा पुनः पीडित भएको पाइन्छ। त्यसैले सम्बन्धित व्यक्तिको स्वास्थ्य, शिक्षा, जीविकोपार्जन र सामाजिक र साँस्कृतिक अधिकार सहित संरक्षण गर्नु

**अभियान कर्ता र राज्यको दायित्व हो।**

मानब बेचबिखन तथा ओसारपसार विरूद्धको राष्ट्रिय कार्य योजनाको प्राथमिकता क्षेत्र २ को २ (क) मा विशेष आवश्कतालाई ध्यान दिने भनिएता पनि एक पटक परिवारमा पुनर्मिलन गराई सकेको बालिका वा महिलाको निरन्तर अनुगमन तथा दलाल र दलालका आफन्तबाट दिइने यातना र दवावबाट उपयुक्त र प्रयाप्त संरक्षण हुन सकिरहेको अवस्था छैन । यसका लागि प्रभावितले माग गरेमा संरक्षण दिइने व्यवस्था भनिए तापनि कतिपय प्रभावित सुरक्षा माग गर्न आउन सक्ने अवस्था पनि देखिँदैन । किनकी यो अन्तर्राष्ट्रिय संगठित अपराध भएका कारण कतिपय प्रभावितले कहिले मुद्दाको फैसला होला र यातना कम होलाकि भन्ने आशामा लुकेर बस्नु पर्ने अवस्था पनि रहेको छ। त्यसै गरी जब प्राथमिकता क्षेत्र ३ को कानुनी कार्वाही अर्न्तगत ५ मा कानुन कार्यान्वयन गर्ने निकायहरूमा जवाफदेहिता र उत्तरदायित्वको विकास



गर्ने योजना छ। तर फरार अभियुक्तहरूको खोजी गरी कानुनी दायरामा ल्याउने कार्यमा ढिला सुस्तीले र डर त्रासले गर्दा जीविकोपार्जनको लागि रोजगारी गर्न पनि समस्या भएर पुनस्थापना गृहमा लामो समय बस्न बाध्य हुनु पर्ने र कहिलेकाहिँ बाटाघाटा र यातायातका साधनमा समेत आक्रमण भएको घटनाहरू पनि हुने गरेका छन् । त्यस कारण भएका नीतिगत व्यवस्था कार्यान्वयनको लागि संरक्षणको बिषेश योजना बनाएर कार्यान्वयन गर्न जरूरी छ ।

(नेपाल एटविनका सल्लाहकार हुनुहुन्छ ।)

# महिला तथा बालबालिका बेचबिखनविरूद्ध सहकर्मी समूह नेपाल (एटविन)को संक्षिप्त प्रगति प्रतिवेदन

(२०७२ असोज १ देखि २०७३ असार ३१ सम्म)

(१८ सेप्टेम्बर २०१५ देखि १५ जुलाई २०१६)

**पृष्ठभुमि:**

महिला तथा बालबालिका बेचबिखन विरूद्ध सहकर्मी समूह, नेपाल (एटविन)को स्थापना सन् १९९७ मा भएको हो । महिला अधिकार, बाल अधिकार तथा मानव अधिकारको क्षेत्रमा काम गर्ने नेपाल भरिका ३३ वटा संघ संस्थाहरू यसमा संलग्न छन् । यो बेचबिखनविरूद्ध अधिकारमुखी दृष्टिकोणबाट नीतिगत तहमा वकालत गर्दै सक्रिय र क्रियाशील छ। एटविनले स्थापनाकाल देखिनै निरन्तररुपमा मानव बेचबिखन विरूद्धमा विभिन्न अभियानहरु संचालन गर्दै आएको छ ।

यस संजालको मुख्य उद्देश्यहरू महिला तथा बालबालिकाको बेचबिखनविरूद्ध सामाजिक चेतनाका निम्ति काम गर्ने, बेचविखनविरूद्ध भएका नीति नियम एवं कानुनको प्रभावकारी कार्यान्वयन एवं आवश्यकता अनुसार तिनीहरूको परिमार्जनका र निर्माणका लागि सम्बन्धित निकायहरूलाई सघाउने तथा दबाव दिने, महिला तथा बालबाबिलिका बेचबिखनको सवालमा क्षमता अभिवृद्धि गर्दै धारणागत स्पष्टता ल्याउने, बेचबिखनविरूद्धको संजाल विस्तार गर्ने, जन वकालत तथा पैरवी गर्ने, महिला र बालबालिका बेचबिखनको मुद्दालाई जनस्तरदेखि नीति निर्माण तहसम्म र आवश्यकता अनुसार अन्तराष्ठिय स्तरसम्म पुर्‍याउने रहेका छन् । यस प्रतिवेदनमा (२०७२ असोज १ देखि २०७३ असार ३१ सम्म) सम्मको संक्षिप्त गतिविधि र उपलब्धिहरुलाई यस प्रगति विवरणमा समेटिएको छ ।

| क्र.स. | मिति | क्रियाकलाप | स्थान |
|---|---|---|---|
| १ | २०७२ असोज २२ | **"संचारमा (छापा) मानव बेचबिखन तथा ओसारपसार सम्बन्धमा प्रकाशित सामाग्रीहरुको विश्लेषण कार्यक्रम"**<br>विभिन्न छापाका संचारमाध्यममा प्रकाशित हुदै आएको मानव बेचबिखनविरुद्धका सामाग्रीहरुलाई सन् १९९८ देखि निरन्तर रुपममा एटविन सूचना तथा स्रोत केन्द्र मार्फत दस्तावेजीकरण गर्दै आई रहेको छ । उक्त सुचना/तथ्याङ्गलाई वार्षिकरुपमा एकीकृतरुपमा विश्लेषण गरि सरोकारवालाहरुका समक्ष प्रस्तुत गरियो । कार्यक्रममा जनाको सहभागिता रहेको थियो । | काठमाडौं |
| २ | असार २०७२ देखि पूस सम्म | मानव बेचबिखनविरुद्ध चेतनामूलक एक्व प्रसारण - प्रतिदिन २ पटक (बिहान तथा रातीको समय) अन्नपूर्ण एफएम, (काठमाडौं, सिन्धुपालचोक, गोरखा, कास्की, दोलखा, धादिङ्ग) | काठमाडौं, |
| ३ | २०७२ कार्तिक २० | **"Modern slavery in Nepal: Understanding the problem and existing responses"** विषयक अनुसन्धानको निष्कर्ष सम्बन्धी सरोकार वालाहरु समक्ष जानकारी गराइयो । प्रस्तती अनुसन्धानकर्त्ता जिन्नी बाउमन तथा मिलन धरेलले गर्नु भएको थियो । कार्यक्रममा ३९ जनाको सहभागिता रहेको थियो । | काठमाडौं |

| | | | |
|---|---|---|---|
| ४ | २०७२ पुस १-४ | सरोकारवाला निकाय/संस्थाको क्षमता अभिवृद्धि र मानव बेचबिखनविरुद्धको अभियानमा थप टेवा पुर्‍याउने उद्देश्य सहित शक्ति समूहको सहआयोजनामा **"मानव बेचबिखनविरुद्धको प्रशिक्षक प्रशिक्षण"** विषयक ४ दिने मध्य पश्चिमाञ्चल क्षेत्रिय स्तरको तालिमको आयोजना सम्पन्न । प्रशिक्षणमा ८ जिल्लाहरुबाट ४४ जनाको सहभागिता रहेको थियो ।<br><br>"मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ तथा नियमावली २०६५" यसको कार्यान्वयनको सम्बन्धमा यस ऐनले नसमेटिएका तथा अझ प्रभावकारी बनाउने सम्बन्धमा यसको शंशोधनको आवश्यकता विभिन्न सरोकारावालाहरुसंग ऐनलाई थप प्रभावकारी तथा अन्तरराष्ट्रिय मापदण्ड अनुसार पीडित/प्रभावित तथा बाल मैत्री बनाउने सम्बन्धमा महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय र एटविनको संयुक्त आयोजनामा कार्यशाला गोष्ठिको आयोजना गरियो । गोष्ठिमा ८७ जनाको सहभागिता रहेको थियो । | नेपालगंज, बांके |
| ५ | २०७२ पुस ५ | मानव बेचबिखनविरुद्धको राष्ट्रिय कार्ययोजना सम्बन्धी मानव बेचबिखनबिरुद्धको जिल्ला समितिसंग बैठक एटविन सदस्य संस्था शक्ति समूहको समन्वयमा गरियो। बैठकको अध्यक्षता जिल्ला प्रमुख अधिकारी श्री विनोद बहादुर कुवंरले गर्नु भएको थियो। | गुलरिया, बर्दिया |
| ६ | २०७२ माघ १८-२१ | सदस्य संस्थाहरुको क्षमता अभिवृद्धि र मानव बेचबिखनविरुद्धको अभियानमा थप टेवा पुर्‍याउने उद्देश्य सहित **"मानव बेचबिखनविरुद्धको प्रशिक्षक प्रशिक्षण"** विषयक ४ दिने प्रशिक्षण सम्पन्न । प्रशिक्षणमा ३५ जनाको सहभागिता रहेको थियो । | गोदावरी ललितपुर |
| ७ | २०७२ पौष १२ | मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को संशोधन सम्बन्धित विज्ञ समितिका बैठकहरु : ३ पटक | राष्ट्रिय परामर्श गोष्ठि, काठमाडौं |
| ८ | २०७२ माघ ०६ | **मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि चौधौं योजना तर्जुमा परामर्श गोष्ठी ।**<br>नेपाल सरकारको चौधौं योजना तर्जुमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि आगामी भिजन, मिसन तथा लक्ष्य सहित कार्यक्रमका विषयमा सरोकारवालाहरुसंग प्रभावकारी कार्यक्रमहरु विषयक छलपल तथा परामर्श गरि राष्ट्रिय योजना आयोगलाई बुझाउनका निम्ति महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयसंगको संयुक्त आयोजनामा पर ामर्श गोष्ठिको आयोजना सम्पन्न गरिएको। गोष्ठिमा ४८ जनाको सहभागिता रहेको थियो । | काठमाडौं |
| ९ | २०७२/११/१७-१९ | "मानव बेचबिखन सम्बन्धी अवधारणागत स्पष्टता तालिम" विषयक ३ दिने आवासीय तालिमको आयोजना । उक्त तालिममा मानव बेचबिखनका परि वर्तित आयामहरु तथा कानूनी प्रावधानहरु विषयवस्तु समेटेको थियो । तालिममा ४२ जनाको सहभागिता रहेको थियो । | गोदावरी, ललितपुर |

| | | | |
|---|---|---|---|
| १० | २०७३/२/२७-२८ | **मानव बेचबिखनविरुद्धको प्रशिक्षक प्रशिक्षणको पुनरावलोकन र पुनतार्जगी तालिम**<br>एटविनले विगत पाँच वर्षदेखि पाँचै विकासक्षेत्रहरुमा क्षेत्रिय स्तरका "मानव बेचबिखनविरुद्धको प्रशिक्षक प्रशिक्षण" सम्पन्न गरिसकेका सहभागीहरुलाई "मानव बेचबिखनविरुद्धको प्रशिक्षक प्रशिक्षणको पुनरावलोकन र पुनतार्जगी तालिमको आयोजना । कार्यक्रममा २९ जनाको सहभागिता रहेको थियो । | धुलिखेल, काभ्रे |
| ११ | मंसिर २३, २०७२ | **हराएका बालबालिका र बेचबिखन सम्बन्धमा : जोखिम न्यूनिकरणका उपायहरु**<br>उक्त कार्यक्रम एटविन, सिविन, र शक्ति समुह को साझेदारिमा भएको थियो । कार्यक्रमको उदेश्य विभिन्न गैसस, र सरोकारवाला निकायहरुसंग समन्व्य सबलिकरण गर्न तथा हराएका बालबालिकाहरु को जोखिम न्युनिकरणका उपायहरु पत्ता लगाउने रहेको थियो । कार्यक्रममा ५२ जनाको सहभागिता रहेको थियो । | काठमाडौं |
| १२ | माघ १८–२१, २०७२ | **मानव बेचबिखनविरुद्धको प्रशिक्षक प्रशिक्षण**<br>एटविनका सदस्य संस्थाहरुका प्रतिनीधिहरुलाई मानव बेचविखनविरुद्धको चार दिने आवासीय प्रशिक्षक प्रशिक्षण प्रदान गरियो । प्रशिक्षणमा ३५ जनाको सहभागिता रहेको थियो । | गोदावरी, ललितपुर |
| १३ | असार २४, २०७३ | **मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन २००७ को सुधारका लागि परामर्श बैठक**<br>उक्त कार्यक्रम एटविन र सिविन को साझेदारिमा भएको थियो । कार्यक्रममा सरोकारवालाहरुले ऐनमा सुधारका लागि महत्वपूर्ण सुझाव दिइएको थियो । सुझावहरुलाई सम्बन्धित निकायहरुमा बुझाइएको थियो । बैठकमा २१ जनाको सहभागिता रहेको थियो । | काठमाडौं |
| १४ | २०७२ चैत १८ | **नेपाल संविधान २०७२ मानव बेचबिखन् /दासता /शोषणविरुद्धको प्रावधानहरुमा अन्तरक्रिया कार्यक्रम**<br>नेपाल संविधान २०७२मा रहेका मानव बेचबिखन् /दासता /शोषणविरुद्धको प्रावधानहरुका विषयमा यसको प्रभावकारी कार्यान्वयनका उद्देश्यका साथ सरोकारवालाहरुलाई जानकारी तथा छलफल गरिएको थियो । कार्यक्रममा ३८ जनाको सहभागिता रहेको थियो । | काठमाडौं |
| १५ | २०७३ जेठ १४ | **बालबालिका सम्बन्धी ऐनमा हुनुपर्ने प्रावधानमा परामर्श गोष्ठी ।**<br>सिविन नेपालको संयुक्त आयोजनामा बालबालिका सम्बन्धी ऐनमा हुनुपर्ने प्रावधानका लीगि सरोकारवालाहरुसंग परामर्श कार्यक्रम सम्पन्न गरियो । गोष्ठिमा ४४ जनाको सहभागिता रहेको थियो । | काठमाडौं |
| १६ | २०७२ फागुन २७ | मनोरञ्जन क्षेत्रलाई लक्षित गरि पोस्टर प्रकाशन तथा वितरण- ५००० प्रति | काठमाडौं |
| १७ | २०७२ फागुन २७ | **ज्ञापनपत्र हस्तान्तरण**<br>राष्ट्रिय महिला आयोग र राष्ट्रिय मानव अधिकार आयोगलाई मानव बेचबिखनविरुद्धको युन प्रोटोकल (पार्लेमो)को अनुमोदनका लागि, मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) २०६४को सुधार लगायत मानव बेचबिखनका विभिन्न विषयमा ज्ञापनपत्र बुझाइयो | काठमाडौं |

| | | | |
|---|---|---|---|
| १८ | २०७३ बैशाख २२ –२३ | **मनोरञ्जन/अनौपचारिक क्षेत्रमा कार्यरत महिला कामदारसँग कार्यशाला गोष्ठी**<br>मनोरञ्जन/अनौपचारिक क्षेत्रमा कार्यरत महिला कामदारहरुको अवस्था बुझ्न, छलफल गर्न तथा क्षमता अभिवृद्धिको उद्देश्य सहित २ दिवसीय बन्द सत्रको गोष्ठिको आयोजना गरियो । उक्त गोष्ठिमा कामदारहरुले आफ्नो अवस्था, समस्या तथा चुनौतीहरुका विषयमा छलफल गरेका थिए र साथै सरोकारवालाहरुबाट अपेक्षा गरिएको भुमिकाका बारेमा विचार राखेका थिए । कार्यक्रममा ३४ जनाको सहभागिता रहेको थियो । | नगरकोट, भक्तपुर |
| १९ | २०७३ बैशाख जेठ - असार | मनोरञ्जन/अनौपचारिक क्षेत्रका सेवा प्रदायकहरुकालागि मार्गनिर्देशिकाका लागि विभिन्न समूह जस्तै आउचरिच वर्कर, कार्यक्रम संयोजक तथा मनोसमाजिक कार्यकर्ताहरुसंग छलफल बैठक बसेको थियो । उक्त विविध छलफलहरुमा ४८ जनाको सहभागिता रहेको थियो । | काठमाडौं |
| | | **"भुकम्प प्रभावित समुदायको पुर्नलाभ तथा पुनस्थापनाको लागि सञ्चार तथा सामाजिक परिचालन"**<br>(सिन्धुपालचोक, दोलखा, काभ्रे, धादिङ्ग तथा मकवानपुर) | |
| २० | असार २०७३ | **प्रशिक्षण निर्देशिकाको विकासः**<br>सामाजिक परिचालन र सामुदायिक सञ्चार प्रकृयामा युवा श्रोत व्यक्तिहरुको सहभागितामा व्यापक सामुदायिक गतिविधिहरु सञ्चालन गर्ने र समुदायमा मानव बेचबिखन, असुरक्षित स्थानागमनका जोखिमतालाई कम गर्ने तथा स्थानीय अवसर र स्थानीय विकास प्रक्रियामा बढी भन्दा बढी समुदायको सहभागिता प्रवर्द्धन गर्ने उद्देश्यले प्रशिक्षण निर्देशिका तयार पारिएको छ । | काठमाडौं |
| २१ | १० असार २०७३ | **युवा परिचालकको छनौट**<br>परियोजना कार्यक्षेत्रमा जम्मा १५६ वटा युवा परिचालक (स्वयंसेवक) छनौट गरिएको छ । मुख्यतः लैङ्गिक हिंसा, मानव बेचबिखन र सुरक्षित स्थानागमन जस्ता विषयमा छलफल तथा अन्तरक्रिया मार्फत युवा परि चालकले बालक्लब, युथ क्लब तथा अन्य स्थानीय संघसंथाहरु तथा स्थानीय समुदायको सचेतना जगाउने तथा योजना निर्माण र कार्यन्वयन गर्न र सामना गर्न सक्ने क्षमता भएको समुदाय निर्माण गर्न अभियान चलाउन उनिहरुको क्षमता वृद्धि गर्नेछन् । | सिन्धुपाल्चोक, दोलखा, काभ्रे, धादिङ्ग तथा मकवानपुर |
| २२ | जेठ २०७३ | **रेडियो नेपाललाई प्राविधिक सहयोग (मानव बेचविखनविरुद्धको कार्यक्रम)**<br>रेडियो नेपालबाट प्रसारण भइरहेको भन्दै सुन्दै कार्यक्रमका लागि प्राविधिक सहयोग भइरहेको छ । | काठमाडौं |
| २३ | निरन्तर | **दस्तावेजीकरण र प्रतिवेदन**<br>परियोजना अन्तर्गतका मुख्य गतिविधिहरुलाई अडियो तथा भिडियो दुवै रुपमा दस्तावेजीकरण भएको छ । | काठमाडौं |

| | | | |
|---|---|---|---|
| २४ | २०७३ बैशाख २७ देखि ३१ | **परियोजना कार्यशाला गोष्ठी**<br>परियोजना कार्यक्षेत्र ५ वटा जिल्लाका ६ वटा परियोजना कार्यान्वयन गर्ने साझेदार संस्थाहरुको प्रतिनिधि तथा जिल्ला संयोजकको सहभागितामा ललितपुरको गोदावरीमा ५ दिने परियोजना कार्यशाला गोष्ठी सम्पन्न भयो । उक्त गोष्ठीमा एटविनका अध्यक्ष लगायत अन्य सदस्यहरु र कर्मचारी को सहभागिता थियो । साथै युनिसेफका विकासका लागि सञ्चार शाखाका प्रमुख तथा अन्य ३ जना अधिकृतको सहभागिता रहेको थियो । उक्त कार्यशालामा परियोजनाको उद्देश्य, कार्यान्वयन गर्ने तरिका, अपेक्षित परिणाम, आर्थिक ढाँचा र अवस्था, अनुगमन र प्रतिवेदन ढाँचा, कार्ययोजना र अन्य विषयवस्तुहरुमा छलफलको गरिएको थियो । कार्यशाला गोष्ठिमा ४० जनाको सहभागिता रहेको थियो । | गोदावरी, ललितपुर |
| २५ | २०७३ असार २६ | **राष्ट्रिय स्तरको छलफल बैठक**<br>एटविनले सरोकारवाला प्रमुख मन्त्रालय र विभागसंग राष्ट्रिय स्तरको छलफल बैठक सम्पन्न गरेको छ । कार्यक्रममा जम्मा ४६ जनाको सहभागिता थियो । जसमा महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय, जिल्ला विकास कार्यालय, काठमाण्डौं, राष्ट्रिय मानव अधिकार आयोग तथा राष्ट्रिय महिला आयोग लगायत पुर्ननिर्माण र जोखिम सम्बद्ध क्षेत्रमा कार्यरत अन्य सम्बन्धीत विभाग, मानव बेचबिखनविरुद्ध कार्यरत विभिन्न गैर सरकारी संघसंस्था समेतको उल्लेखनीय सहभागिता थियो । यस बैठकले परियोजनाको रुपरेखा यसको कार्यान्वयनको लागि सरोकारवाला सम्बन्धित निकायको भुमिका माथि पष्ट्याईएको थियो साथै सहभागिले परियोजनाको प्रभावकारी कार्यान्वयनको लागि विभिन्न सल्लाह सुझाव समेत दिनुभएको थियो । बैठकमा ५१ जनाको सहभागिता रहेको थियो । | काठमाडौं |
| २६ | २०७३ असार १३ र १५ | **जिल्लास्तरका सरोकारवालाको अभिमुखीकरण**<br>जिल्ला स्तरका परियोजनासंग सम्बधित सरोकारवालाई कार्यक्रमको बारेमा जानकारी दिने र त्यसको प्रभावकारी कार्यान्वयनको लागि सहयोगी वातावरण सिर्जना गर्ने साथै समन्वयलाई शसक्त गरि परियोजना गतिविधिलाई प्रभावकारी बनाउने उद्देश्यका साथ २ वटा जिल्लामा सरोकारवालाको अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ । जसमा मकवानपुरमा प्रमुख जिल्ला अधिकारी तथा सिन्धुपाल्चोकका स्थानीय विकास अधिकारीको अध्यक्षतामा तथा विभिन्न सरकारी तथा गैर सरकारी संघसस्थाको प्रतिनिधिको उपस्थिति रहेको थियो । उक्त कार्यक्रममा युनिसेफ तथा एटविनको पनि उपस्थित रहेको थियो । मकवानपुरमा ३५ र सिन्धुपाल्चोकमा ३६ जनाको सहभागिता रहेको थियो । | मकवानपुर सिन्धुपाल्चोक |
| २७ | ३१ असार, २०७३ सम्म | **गाविस स्तरको सरोकारवालाको अभिमुखीकरण :**<br>परियोजनाको उद्देश्य तथा गतिविधि गाविस स्तरका सरोकारवालालाई कार्यक्रमको बारेमा सुसूचित गर्ने उदेश्यले विभिन्न ५ वटा जिल्लाको १५ वटा गाविसमा गाविस स्तरीय अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा गाविस सचिव तथा राजनीतिक दलका प्रतिनिधी तथा वडा नागरिक मञ्चका सदस्य लगायत विभिन्न स्थानीय गैर सरकारी संघसंस्थाको सहभागिता थियो । उक्त कार्यक्रमले स्थानीय स्तरमा परियोजना सम्बन्धि जानकारी गराउनुका साथै समन्वय गर्न सहज वातावरण सिर्जना गरेको छ । | |

| सह आयोजक | | | |
|---|---|---|---|
| १ | नोभेम्बर | | |
| | २५-डिसेम्बर, २०१५ | लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान, रैली, स्टल तथा अन्य विभिन्न कार्यक्रमहरु<br>संयोजक - राष्ट्रिय महिला आयोग | काठमाडौं |
| २ | डिसेम्बर २०१५ | मानव अधिकार राष्ट्रिय महाभेला २०७२ | काठमाडौ |
| ३ | ८ मार्च २०१६ | १०६औं अन्तराष्ट्रिय महिला दिवस २०१६ को अवसरमा रैली आयोजना।<br>संयुक्त आयोजक- सम्बन्धित संघ संस्था, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय तथा राष्ट्रिय महिला आयोग | काठमाडौं |
| ४ | २०१६ | महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धिको वैकल्पिक प्रतिवेदन २०१६<br>आयोजक : महिला, कानून तथा विकास मञ्च | काठमाडौं |
| **एटविन सुचना तथा स्रोत केन्द** | | | |
| १ | २०७२ असोज १ देखि २०७३ असार ३१ सम्म | प्रयोगकर्ता - ७१ जना | |
| २ | | विविध प्रकाशनहरु प्राप्त - ३२४२ | |
| ३ | | विविध प्रकाशनहरु वितरण - ७२२६ | |
| **विभिन्न संस्थागत बैठकहरू :** | | | |
| ५ | २०७२ असोज १ देखि २०७३ असार ३१ सम्म | बाह्रौं साधारण सभा - १ पटक | |
| ६ | | त्रैमासिक नियमित बैठक - १ पटक | |
| ७ | | कार्यसमिति बैठक - १० पटक | |
| ८ | | प्रकाशन समितिको बैठक - ४ पटक | |
| ९ | | नयाँ सदस्यता सिफारिश समिति बैठक - १ पटक | |
| १० | | विविध बैठक - ४० पटक | |

## विभिन्न निकाय तथा विषयवस्तुमा संयोजन तथा सहकार्य :

- मानव तथा ओसारपसार नियन्त्रण राष्ट्रिय समिति/बालबालिका तथा समाज कल्याण मन्त्रालय
- राष्ट्रिय मानवअधिकार आयोग
- राष्ट्रिय महिला आयोग
- महिला तथा बालबालिका कार्यालय
- रेडियो नेपाल
- महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धिको वैकल्पिक प्रतिवेदन २०१६
- दिगो विकास लक्ष्य/Sustainable Development Goal (SDG)
- मेनइन्गेज एलायन्स नेपाल
- EU Working Group on HR Defenders/ German Embassy
- National Action and Coordination Group (NACG), supporting body to South Asia Initiative to End Violence Against Children [SAIEVAC]: SAARC Apex Body

## मानव बेचविखनविरुद्धको तयारी

काठमाडौं, (नेस)

मानव बेचविखनविरुद्धको नवौं राष्ट्रिय दिवस सरकार र नागरिक संगठनहरूले मिलेर मनाउने भएका छन्।

महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय र महिला तथा बालबालिका बेचविखनविरुद्ध सहकर्मी समूह (एटबिन) को संयुक्त आयोजनामा बिहीबार भएको कार्यक्रममा सरकार र नागरिक अभियान्ताहरूले मानव बेचविखन देशकै कलंक भएकाले त्यसको अन्तका लागि सम्बद्ध सबै सरोकार पक्षको ध्यान जानुपर्ने कुरामा जोड दिएका छन्।

एटबिनका अध्यक्ष मीना विष्टको अध्यक्षतामा भएको कार्यक्रममा संयुक्त राष्ट्सं... संगठित अपराध... र यसअन्तर्गतव... विशेष गरी... बालबालिकाक... रोक्ने, दबाउने... प्रोटोकल आले... आवश्यकतामा जोड दिइएको छ।

अधिवक्ता गीता संग्रौलाले सो आलेखको विशेषता र अनुमोदन गर्नुपर्ने आवश्यकताको बारेमा प्रकाश पार्नुभएको थियो भने महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयकी सहसचिव राधिका अर्याल, उपसचिव सुनीता नेपाल, एटविनकी बेनुमाया गुरुङलगायत सुरक्षाकर्मी, मानव अधिकार आयोग, महिला आयोग, अन्य मन्त्रालयका अधिकारी, नागरिक अभियान्ताहरूले मानव बेचविखनको अवस्था र त्यसले देशलाई पुऱ्याएको क्षतिका बारेमा प्रकाश पार्नुभएको थियो।

## महिला अनशन जारी

काठमाडौं, (नेस)

महिलामैत्री संविधानका लागि अभियान सञ्जालको आयोजनामा विगत एक हप्तादेखि बबरमहलमा आयोजित रिले अनशनमा मंगलबारसम्म सयौंले ऐक्यबद्धता एवम् सहभागिता जनाएका छन्। महिलामैत्री संविधान बन्नुपर्ने, हरेक निर्णायक तहमा महिलाको सम्मानजनक ...

## बेचविखनविरुद्धको राष्ट्रिय दिवस

हामी मिली गरौं विपद्को सामना, मानव बेचविखनको अन्त्य हाम्रो कर्तव्य र चाहना भन्ने नाराका साथ आज भदौ २० गते मानव बेचविखन तथा ओसारपसारविरुद्धको नवौं राष्ट्रिय दिवस देशभरि विभिन्न कार्यक्रम मनाइँदै छ। महिला बालबालिका समाज कल्याण मन्त्रालय र अन्य नागरिक संगठनहरू मिलेर यो दिवस मनाइँदै छ। अहिले नेपालबाट मानव बेचविखन हुन्छ भन्ने खबर लेख्नुपरेको छ। योभन्दा दुःखद् पक्ष नेपाल र नेपाली जनताका लागि अरू हुन सक्तैन। अनेक निहुमा दिदीबहिनी बेचविखनमा पर्ने गरेका छन्। पहिले अहिलेको तुलनामा बेचविखनको स्वरूप परिवर्तन हुँदै गएको छ तर बेचविखन भने रोकिएको छैन।

मानव बेचविखन अपराध हो भन्ने कुरा सबैले स्वीकार गरेको विषय हो तर पनि राज्यले जुन ढंगले प्रभावकारी कदम चाल्नुपर्ने त्यो कदम नचालेको आरोप सधैं लाग्ने गरको छ खासगरी बेचविखनमा सलग्न हुनेहरूलाई कारबाहीको सन्दर्भमा विभिन्न गुनासो आउने गरेको छ। मानव बेचविखन तथा ओसारप्रसार नितितयन्त्रण ऐन ०६४ र निमयमा... ०६५ हाम्रो हातमा छ त्यसले ... २० वर्ष कैद ...

## मानव बेचबिखन रोक्न ध्यानाकर्षण

काठमाडौं/रासस– मानव बेचबिखन रोक्न र कार्यस्थलमा हुने हिंसा नियन्त्रण गर्न जारी निर्देशिका, ०६५ को प्रभावकारी कार्यान्वयनका लागि पहल गर्न राष्ट्रिय मानव अधिकार आयोगको ध्यानाकर्षण गराएको छ।

महिला तथा बालबालिका बेचबिखनविरुद्ध सहकर्मी समूह नेपालले आयोगलाई बिहीबार बुझाएको ज्ञापनपत्रमा महिला तथा बालबालिका बेचबिखनसँग सम्बन्धी ऐन निर्माणलाई विशेष ध्यान दिनुपर्ने उल्लेख छ।

ज्ञापनपत्र बुझ्दै आयोग प्रवक्ता मोहना अन्सारीले मानव बेचबिखन रोक्न सरकारी स्तरबाट भइरहेको प्रयासलाई थप सशक्त ढंगबाट अघि बढाउन पहल गर्ने बताइन्।

समूह अध्यक्ष मीना विष्टले बेचबिखनजस्ता प्रवृत्ति नियन्त्रण, पीडकलाई कानुनी कारबाही, पीडितलाई न्याय दिलाउन कानुनी संयन्त्र स्थापना गर्न जरुरी रहेको उल्लेख गरिन्।

## Attention drawn

KATHMANDU: Sahakarmi Samuha Nepal has drawn the attention of the National Human Rights Commission towards effective implementation of Human Trafficking and Transportation (Control) Regulations. Handing over a memo to NHRC here on Thursday, the organisation demanded formulation of stern acts and laws to curb human trafficking. – RSS

## मानव तस्करीमा तानिए ८ सांसद

## मृगौला प्रत्यारोपण गर्न भारतबाट

## कहाँ हराउँछन् उनीहरू ?

## ट्रान्जिट बनाउन आउँछन् शरणार्थी

## वैदेशिक रोजगारीका नाममा मैलाउँदै मानव तस्करी

## साढे छ लाख बालबालिका जोखिमपूर्ण श्रममा

## वैदेशिक रोजगारीमा ठगी गर्ने बढे

काठमाडौं, जेठ ६ गते। विदेश पठाइदिने बहाना

## 'दुई वर्षमा १७ हजार बेचिए'

मानव तस्करीमा नेपालगन्ज नाका

## ७ सय ३७ महिलाको उद्धार

## महिला पछ्याउँदै दलाल

## भूकम्पपछि महिला बेचबिखन बढ्यो

## वैदेशिक रोजगारीमा जोखिम बढ्यो

## 'अस्पतालमा बच्चा किनबेच'

स्वास्थ्यकर्मीसँगै तीनजना प्रहरी नियन्त्रणमा

## सामाजिक सञ्जालको दुरुपयोगले महिला बेचबिखनको क्रम बढ्दो

मोबाइल, इन्टरनेट तथा अन्य विभिन्न फेसन र इच्छा आकाङ्क्षाका कारण सहरी क्षेत्रका पढेलेखेका किशोरी तथा महिला

## साउदी अरबको कम्पनीमा ५० नेपाली कामदार बन्धक

## साढे चार सय चेली बेपत्ता १८ वर्षमुनिका धेरै

## नेपाली सरोगेट आमाहरू भारतमा

## केटी बेच्नमा संलग्नलाई प्रहरीले कारबाही गरेन